**अध्याय : एक**

# शोधपरिचय

## १.१ विषय परिचय

## २.२ पूर्वकार्यको समीक्षाको महत्त्व

कुनै पनि अनुसन्धान गर्नुभन्दा पहिले त्यस विषयसँग सम्बन्धित पहिले भइसकेका अनुसन्धानहरूलाई नै पूर्वकार्यको समीक्षा भनिन्छ । पूर्वकार्यको समीक्षाले सम्बन्धित विषयमा के-कति अध्ययन सम्पन्न भए, के-कति बाँकी छ, अनुसन्धान कार्य दोहोरियो कि भन्ने विषयमा जानकारी राखी शोधलाई गति प्रदान गर्ने क्रममा शोध समीक्षाको उपादेयता सर्वोपरि रहन्छ । पूवकार्यको समीक्षाले त्यस विषयमा त्यसभन्दा अगाडि सम्पन्न भएका उपलब्धि र प्राप्तिको रेखाङ्कन गर्दछ । यस अनुसन्धानका क्रममा पूर्वकार्यको समीक्षा पश्चात् कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमता कस्तो छ, निबन्ध लेखनमा विद्यार्थीहरूलाई प्रभाव पार्ने तत्वहरू के-के हुने रहेछन्, तार्किकता र क्रमिकताका दृष्टिले निबन्ध लेखन कत्तिको उपयुक्त छ, विद्यार्थीहरूमा निबन्ध लेखन सम्बन्धी कस्ता-कस्ता ठाउँमा के-के त्रुटिहरू हुने रहेछन् ? भन्ने कुरा स्पष्ट हुने देखिन्छ । निबन्ध लेखन क्षमता कुन जिल्लामा कस्तो रहेको छ, कुन भाषिक पृष्ठभूमिका विद्यार्थीहरूको निबन्ध लेखन क्षमता कस्तो रहेको छ साथै लैङ्गिकता र विद्यालयको प्रकृतिको आधारमा विद्यार्थीहरूको निबन्ध लेखन क्षमता कस्तो-कस्तो रहेको छ ? भन्ने कुरा पनि पूर्वकार्यको समीक्षाबाट प्रष्ट हुने देखिन्छ । पूर्वकार्यको समीक्षाको उपादेयतालाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

(क) कक्षा आठका विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको अध्ययनले शोधकर्तालाई समस्या राम्ररी बुझ्न र विश्लेषण गर्न तथा शीर्षक चयन गर्न सहयोग गर्दछ ।

(ख) उनीहरूको निबन्ध लेखन क्षमताको अध्ययनले अनुसन्धानका उद्देश्यहरू निर्धारण गर्न र अनुसन्धान पद्दति निर्क्यौल गर्न सहयोग गर्दछ ।

(ग) अनुसन्धानलाई सम्बन्धित विषयमा गहिरो ज्ञान हासिल गर्न तथा अनुसन्धानलाई बैध र विश्वसनीय बनाउन उपयोगी हुन्छ ।

(घ) अनुसन्धानको ढाँचा निर्माण गर्न उपयुक्त र अनुकूल उपकरणहरूको छनोट गर्न उपयोगी हुन्छ ।

(ङ) पूर्वकार्यको अध्ययनले प्राक्कल्पना निर्माण गर्न, पूनरावृत्ति सम्भावनालाई हटाउन, समस्याहरूको विश्लेषण गरी निराकरण गर्न सहयोग गर्दछ ।

(च) पहिले भएका अध्ययनको विश्लेषण गर्न र भविष्यमा गर्न सक्ने अनुसन्धानका क्षेत्रहरू पत्ता लगाउन सहयोगी हुन्छ ।

## २.३ भाषा पाठ्यक्रम, भाषा पाठ्यपुस्तक र लेखाइ सीप

समग्र शैक्षिक क्रियाकलापहरू भाषाकै माध्यमबाट चलिरहेको हुन्छन् । विद्यार्थीहरूमा भाषिक सीपको विकासमा भाषा पाठ्यक्रम र भाषा सिकाइसम्बन्धी भाषा पाठ्यपुस्तकहरू आवश्यक हुन्छन् । यस्ता पाठ्यक्रम र पाठ्यपुस्तकहरू विद्यार्थीहरूको लेखाइ सीपको विकासमा सहयोगी हुन्छन् ।

### २.३.१ भाषा पाठ्यक्रम

भाषा मानवीय र सामाजिक वस्तु हो । यो मानव मात्रको निजी पेवा हो र समाजद्वारा पिँढी, दरपिँढी हुँदै प्राप्त हुने वस्तु हो । भाषाको आर्जन व्यक्तिले समाजबाट गर्दछ र सामाजिक सम्पर्क स्थापित गर्न तथा बृद्धि गर्न यसको उपयोग ऊ समाजमै गर्छ । विद्यार्थीहरूमा भाषिक सीप विकासका निमित्त भाषा पाठ्यक्रमको आवश्यकता पर्दछ । भाषा पाठ्यक्रम भाषा सिकाइसम्बन्धी निर्दिष्ट लक्ष्यसम्म पुग्ने गोरेटो हो । भाषा शिक्षणलाई उद्देश्यमूलक बनाउन यसले मार्गदर्शकको काम गरेको हुन्छ । भाषिक सीप (सुनाइ, बोलाइ, पढाइ र लेखाइ) सँग सम्बन्धित बोध तथा अभिव्यक्ति क्षेत्रका विविध पक्षहरू आर्जन गर्नका निमित्त गरिने सम्पूर्ण प्रयास भाषा पाठ्यक्रमअन्तर्गत पर्दछन् । वास्तवमा पाठ्यक्रम समग्र शैक्षिक गतिविधिको मार्गदर्शक हो । भाषालाई कला र सीपसँग सम्बन्धित अभ्यासपरक विषय मानिएकाले पाठ्यक्रम निर्माणमा विभिन्न कुराहरूको ख्याल गरिनु पर्दछ । एकातिर भाषा सिकाइ सिद्धान्त विद्यार्थीको आवश्यकता, उनीहरूको रुचि पाठ्यक्रमको तह प्रयोजन, तहगत आवश्यकता, भाषा सिकाइको प्रयोजन, सिकाइको प्रकृति आदि पक्षहरू यसमा रहेका हुन्छन् भने अर्कोतिर पाठ्यक्रम निर्माणका तत्वहरूको सङ्गठित प्रस्तुतिक्रममा पनि ध्यान पुऱ्याउनु पर्ने हुन्छ तसर्थ भाषा सिकाइका रूपमा भाषा पाठ्यक्रमलाई लिइनु सान्दर्भिक

ठहर्दछ । वास्तवमा भाषा पाठ्यक्रम भन्नाले भाषिक उद्देश्य, भाषिक प्रक्रिया, भाषिक स्रोत, सामग्री, विधि, भाषिक विषयवस्तु र भाषिक मूल्याङ्कनका साधन भन्ने बुझिन्छ । शिक्षण तथा सिकाइलाई व्यवस्थित, सहज, स्वाभाविक र क्रमबद्ध बनाउन निर्माण गरिएको योजना नै पाठ्यक्रम हो (ढकाल र खतिवडा, २०६९ : १०७) । जसलाई विद्यालय भित्र र बाहिर कक्षा शिक्षण वा सम्बन्धित कार्यक्रमद्वारा पूरा गर्ने योजनाबद्ध प्रयास गरिएको छ ।

### २.३.२ भाषा पाठ्यपुस्तक

पाठ्यक्रमको उद्देश्यअनुरूप शिक्षण गर्नका लागि तयार पारिएका पुस्तकलाई पाठ्यपुस्तक भन्ने गरिन्छ । यस्ता पाठ्यपुस्तकहरू सम्बन्धित तह र कक्षाअनुरूप तयार पारिन्छन् । भाषा पाठ्यपुस्तक पनि भाषा शिक्षण गर्ने उद्देश्यअनुरूप निर्मित भएक हुन्छन् । पाठ्यपुस्तकको सहयोगबाट विद्यार्थीहरूले सम्बन्धित तह र कक्षाको भाषा पाठ्यक्रमअनुरूप अपेक्षित उद्देश्यहरू हासिल गर्दछन् । भाषिक सीपको विकास गर्ने कलात्मक शिक्षण गर्ने कलात्मक शिक्षण गर्न निर्देशन गरिएका भाषा पाठ्यपुस्तकमा पाठ्यक्रमअनुरूपका भाषिक पाठ्यांशहरूलाई विद्यार्थीको स्तर, अनुभव र आवश्यकता ख्याल गरेर सङ्गठित गरिएको हुन्छ ।

हुन त भाषा पाठ्यपुस्तक पनि अन्य विषयका पुस्तक झैँ कुनै न कुनै प्रयोजनमा केन्द्रित हुन्छ । यसले पनि अन्य विषयका पुस्तकहरूले जस्तै विद्यार्थीको स्वाध्यायन, अभ्यास, गृहकार्य, पुनरावृत्ति जस्ता कार्यमा सहयोग पुऱ्याएको हुन्छ । पाठ्यक्रमकै पूरक सामग्रीका रूपमा पनि लिन सकिने यसलाई शिक्षण सहायक सामग्री नै मान्नु उपयुक्त हुन्छ । भाषा पाठ्यपुस्तक मूलतः भाषाका चार सिकाइ सीपहरू सुनाइ, बोलाइ, लेखाइ र पढाइमा केन्द्रित हुन्छ । अन्य विषयका पाठ्यपुस्तकमा भाषालाई विषय प्रस्तुतिको साधनका रूपमा लिइएको हुन्छ र विषयवस्तुलाई साध्यवस्तुको रूपमा लिइएको हुन्छ तर भाषा पाठ्यपुस्तकमा भाषा नै साधन र साध्यवस्तु रहेको हुन्छ (अधिकारी र शर्मा, २०६१ : २४) । यसर्थ भाषा पाठ्यपुस्तकमा भाषा सिक्ने साधनका रूपमा मात्र विषयवस्तुलाई लिइन्छ ।

#### २.३.२.१लेखाइ सीप

व्यक्तिले आफूले प्राप्त गरेका अनुभव र ज्ञानलाई अरू समक्ष प्रस्तुत गर्ने, ती कुराहरूलाई संरक्षित गरिराख्न अथवा साँचिराख्न र भविष्यमा आफू र अरूका लागि समेत

उपयोगी बनाउन लेखाइ सीपले मद्दत गर्दछ । मन, मस्तिष्कका भावना, विचारहरूलाई प्रत्यक्ष रूपमा भेट हुन नसक्ने स्थितिमा पनि लिपिचिह्नका माध्यमद्वारा व्यक्त गर्न सकिने माध्यम नै लेखाइ हो । बोलेर विचार, विनिमय गर्न नसकिने स्थितिमा लेखनको सहायता लिइन्छ । लिखित भाषा स्थायी किसिमको हुन्छ । यसमा स्थान र समयको सीमा हुँदैन । अनुलेखन, श्रुतिलेखन, चिठी लेखन, व्याख्या-कथा लेखन, अनुच्छेद लेखन, निबन्ध लेखन लेखन कलालाई विकसित गराउने महत्वपूर्ण अङ्ग हो । लेखाइ सीप समग्र शिक्षण सिकाइको सेरोफेरोमा सञ्चालित हुन्छन् । यसकै माध्यमले भाषिक तथा संज्ञानात्मक कार्यकलापहरू गराइन्छन् । लेखाइको प्रयोग केवल विद्यालय र महाविद्यालयमा मात्र नभएर घरायसी काम-काजका हरेकको आवश्यकता परिपूर्तिका लागि गरिने भएकाले पनि लेखाइ सीपको आवश्यकता दैनिक व्यवहारिक कार्यमा चिट्ठी, लेनदेन, टिपोट आदि कार्यमा र जागिर तथा व्यापारिक कार्यमा समेत लेखाइ सीपको महत्त्व रहेको पाइन्छ (लामिछाने, २०६० : १०) । व्यक्तिका मनमा गुम्सिएका भावनाहरूलाई लिपि, चिह्नहरूको प्रयोगद्वारा अभिव्यक्त गर्नुलाई लेखाइ भनिन्छ ।

### २.३.२.२ लेखाइ शिक्षणको आवश्यकता र महत्त्व

आफ्ना अनुभव तथा विचारलाई लिपिबद्ध गर्नु लेखाइ हो । सही हिज्जेको जानकारी तथा आफ्ना विचार अभिव्यक्त गर्ने क्षमता विकास गर्ने शिक्षणकलालाई लेखाइ शिक्षण भनिन्छ । लेखाइ अभिव्यक्तिको विशिष्ट सीप हो । लेखाइ शिक्षणको आवश्यकता र महत्वलाई निम्नलिखित बुँदाहरूमार्फत् प्रष्ट्याइएको छ :

(क) सिर्जनात्मक शक्तिको विकास हुने ।

(ख) विद्यार्थीहरूमा भाषिक तथा संज्ञानात्मक क्षमताको विकास हुने ।

(ग) लेखन सीपसँग सम्बन्धित व्यवसाय अपनाइ जीविकोपार्जन गर्न सहज हुने ।

(घ) लेखनमा गति, क्रमबद्धता र सङ्क्षिप्तता ल्याउन सहयोग हुने ।

(ङ) मूल्याङ्कन गर्न सजिलो हुने ।

(च) आफ्ना अभिव्यक्तिहरूलाई पछिसम्म लेखन सीपको विकास गराउन ।

(छ) लेख्य चिह्न र अनुच्छेद मिलाएर लेख्ने सीपको विकास गराउन ।

(ज) हिज्जे, चिह्न र अनुच्छेद मिलाएर लेख्ने सीपको विकास गराउन ।

(झ) सफा अक्षर लेख्न, व्याकरणसम्मत भाषाको प्रयोग गर्न सक्ने बनाउन ।

(ञ) विभिन्न विषय, अभिव्यक्ति र प्रसङ्गअनुसार भाषिक शैलीको चयन गर्ने क्षमता विकास गराउन ।

**२.३.२.३ विद्यालय तहमा निबन्ध शिक्षणको औचित्य**

मानव जीवनको विचारात्मक र भावात्मक अभिव्यक्ति निबन्ध हो । निबन्ध शब्दले भाव र विचारलाई सुनियोजित र सुव्यवस्थित रूपमा बाँधेर प्रस्तुत गर्ने, समसामयिक साहित्यिक रचनालाई जनाउँछ । यसैगरी विद्यालय तहमा पनि निबन्ध विधाको महत्व रहेको छ । विद्यार्थीहरूको सर्वाङ्गिण विकास विद्यालयबाट हुन्छ साथै उनीहरूले भाषा र सभ्यताको ज्ञान पनि विद्यालयबाट प्राप्त गर्दछन् । जसले गर्दा विद्यार्थीहरूको लेखनकलाका साथै सम्पूर्ण भाषिक सीपको विकास निबन्धले गर्दछ ।

विद्यालय तहमा निबन्ध शिक्षणको मुख्य प्रयोजन विद्यार्थीहरूको लेखन कलाका साथै सम्पूर्ण भाषिक सीपको विकास गर्नु हो । निबन्ध शिक्षणबाट विद्यार्थीहरूमा शब्दभण्डार र वाक्यगठनका साथै चुस्त अभिव्यक्ति तथा सङ्गठित रूपमा स्वतन्त्र विचार सम्प्रेषण गर्ने क्षमताको अभिवृद्धि हुन्छ । निबन्धलाई प्रौढ विधाका रूपमा लिने गरिन्छ । यसमा परिपक्व विचार प्रस्तुत गरिने हुनाले यसबाट तर्कशक्ति र तर्कलाई ग्रहण गर्ने क्षमताको पनि विकास हुन्छ (लामिछाने, २०६५ : १७७) । निबन्ध गद्यमा रचना गरिने साहित्यको सबैभन्दा स्वतन्त्र विधा भएकाले यसको शिक्षणबाट विद्यार्थीहरूमा आफूले देखेका, सुनेका, पढेका वा अनुभव गरेका कुरालाई शृङ्खलाबद्ध रूपमा प्रस्तुत गर्ने सीपको विकास हुन्छ । साहित्यिक विधाका रूपमा यस शिक्षणको निम्नलिखित औचित्य रहेका छन् :

(क) निबन्ध शिक्षणको मुख्य औचित्य लेखनकलाको समुचित विकास गर्नु हो । यसबाट स्वतन्त्र लेखनको सुसङ्गठित रूपको पहिचान र अवलम्बनमा सहयोग पुग्दछ ।

(ख) निबन्ध शिक्षणको मुख्य औचित्य लेखनकलाको समुचित विकास गर्नु हो । यसबाट स्वतन्त्र लेखनको सुसङ्गठित रूपको पहिचान र अवलम्बनमा सहयोग पुग्दछ ।

(ग) निबन्ध शिक्षणबाट शब्द भण्डारको अभिवृद्धि गर्न चुस्त अभिव्यक्तिमा स्वतन्त्र विचार प्रकट गर्ने क्षमता बढाउन सघाउ पुग्छ ।

(घ) निबन्ध शिक्षणबाट अभिव्यक्तिमा वा अध्ययन जेसुकैबाट तर्कशक्तिलाई बढावा मिल्नुका साथै व्यक्तिमा आफ्नो सेरोफेरो र गोलार्धको पर्यवेक्षण गर्ने क्षमताको विकास हुन्छ ।

(ङ) निबन्धको अध्ययनबाट अन्य सर्जकहरूका रचनालाई समीक्षात्मक तथा विश्लेषणात्मक ढङ्गले हेर्ने, बुझ्ने र आत्मसात् गर्ने क्षमताको पर्याप्त विकास हुन्छ ।

यसरी विद्यालयहरूमा निबन्ध शिक्षणले विद्यार्थीहरूमा लेखनकलाको विकास, सिर्जनात्मक क्षमताको विकास, शब्दभण्डारको बृद्धि गर्न, भाषातत्व र व्याकरण, तथ्यगत विशेषताहरूको पहिचान गर्न र साहित्य सिर्जना गर्ने सीपको विकास गराउने जस्ता औचित्यहरू रहेका छन् ।

### २.३.२.४ लेखाइ सीपको विकासमा निबन्ध लेखनको स्थान

मानव जीवनको विचारात्मक र भावात्मक अभिव्यक्ति निबन्ध हो । निबन्ध शब्दले भाव र विचारलाईप्रकट गर्नुका साथै मनमा उब्जिएका गुम्भनहरुलाई अरुका सामू प्रकट गर्ने गर्दछ । भाषाका आधाभूत चार भाषिक सीपहरूमध्ये एक सीप लेखाइ हो । भाषाका दुई रूपहरू हुन्छन् : मौखिक र लिखित । निबन्ध लेखन रूपमा अभिव्यक्ति गर्ने रूपअन्तर्गत पर्दछ । मानवीय भावनालाई वोलेर विनिमय गर्न नसकिने स्थितिमा लिपि चिन्हहरूको प्रयोगद्वारा सिलसिला मिलाई अभिव्यक्त गर्नुलाई लेखाइ भनिन्छ भने मौखिक ध्वन्यात्मक रूपमा प्रकट गर्नुलाई मौखिक रूप मानिन्छ । लेखाइ आदानात्मक नभई प्रदानात्मक सीपअन्तर्गत पर्दछ । चित्र वर्णन, अनुलेखन, श्रुतिलेखन, चिट्ठी लेखनजस्ता क्रियाकलापहरू लेखाइ सीप विकासमा उपयोगी हुन्छन् । लेखाइ सीप हाम्रो दैनिक व्यवहारमा धेरै महत्त्वपूर्ण छ । मनोवैज्ञानिक दृष्टिले पनि वैयक्तिक सन्तुष्टिको माध्यम लेखाइ सीप मानिन्छ । सामान्य व्यावसायिक एवम् सृजनात्मक प्रयोजनका लागि पनि लेखाइ सीप महत्त्वपूर्ण हुन्छ । सम्पूर्ण क्रियाकलाप लेखाइ सीपको सेरोफेरोमा सञ्चालित हुने हुँदा लेखाइ सीप महत्त्वपूर्ण मानिन्छ । लेखाइ सीपअन्तर्गत विद्यार्थीहरुलाई निबन्ध लेखन गराएर उनीहरुको भाषागत ज्ञानलाई अभिवृद्धि गराउन सकिन्छ ।

### २.३.२.५ विद्यालय तहमा निबन्ध शिक्षणको प्रयोजन

विद्यालयमा विद्यार्थीहरूले आफ्नो सिर्जनात्मक सीपको विकास गर्ने अवसर प्राप्त गर्दछन् साथै उनीहरूले भाषा र सभ्यताको ज्ञान पनि विद्यालयबाट प्राप्त गर्दछन् । विद्यार्थीहरूमा भाषिक सीपको विकास गर्नु भाषा पाठ्यपुस्तकको उद्देश्य हो । त्यही उद्देश्यलाई पूरा गर्न भाषा पाठ्यपुस्तिकामा विविध साहित्यिक विधाहरू समावेश गरिएका हुन्छन् । त्यसमध्ये निबन्ध विधा पनि एक हो ।

माध्यमिक तहमा निबन्ध शिक्षणको मुख्य प्रयोजन विद्यार्थीहरूको लेखनकलाका साथै सम्पूर्ण भाषिक सीपको विकास गर्नु हो । निबन्ध शिक्षणबाट विद्यार्थीहरूमा शब्दभण्डार र वाक्य गठनका साथै चुस्त अभिव्यक्ति तथा सङ्गठित रूपमा स्वतन्त्र विचार सम्प्रेषण गर्ने क्षमताको अभिवृद्धि हुन्छ । निबन्धलाई प्रौढ विधाका रूपमा लिने गरिन्छ । यसमा परिपक्व विचार प्रस्तुत गरिने हुनाले यसबाट तर्कशक्तिको र तर्कलाई ग्रहण गर्न सक्ने क्षमताको पनि विकास हुन्छ (लामिछाने, २०६५ : १७७) । निबन्ध गद्यमा रचना गरिने साहित्यको सबैभन्दा स्वतन्त्र विधा भएकाले यसको शिक्षणबाट विद्यार्थीहरूमा आफूले देखेका, भोगेका, सुनेका, पढेका वा अनुभव गरेका कुराहरूलाई शृङ्खलाबद्ध रूपमा प्रस्तुत गर्ने सीपको विकास हुन्छ । यो चाहे निर्देशित होस्, चाहे स्वतन्त्र दुवै किसिमको निबन्ध लेखनले विद्यार्थीहरूमा लेखाइ सीपको विकास गराउँदछ ।

निबन्ध शिक्षणको मुख्य औचित्य लेखन कलाको समुचित विकास गर्नु हो । यसबाट स्वतन्त्र लेखनको सुसङ्गठित रूपको पहिचान र अवलम्बनमा मद्दत मिल्नुका साथै विभिन्न भाषिक तथा शैलीगत अनुभव पनि प्राप्त हुन्छ । निबन्ध शिक्षणबाट शब्दभण्डारको अभिबृद्धि गर्न चुस्त अभिव्यक्तिमा स्वतन्त्र विचार प्रकट गर्ने क्षमता बढाउन क्रमिकताको निर्वाह गर्न तथा प्रसङ्ग र भावले मागेको भाषागत सामर्थ्यको विकास गर्न सघाउ पुग्छ । निबन्ध शिक्षणबाट बोध र अभिव्यक्तिको विकासका अतिरिक्त यसका तत्वहरूको पनि पहिचान हुन्छ साथै कुनै निर्दिष्ट सामग्रीलाई आवश्यकताअनुसार सङ्क्षेपमा वा विस्तारमा प्रकट गर्न सक्ने सीपको समेत विकास गर्न सहयोग गर्ने भएकाले पनि विद्यालय तहमा निबन्ध शिक्षणको औचित्य रहेको छ । निबन्धको अध्ययनबाट अन्य सर्जकहरूका रचनालाई समीक्षात्मक तथा विश्लेषणात्मक ढङ्गले हेर्ने, बुझ्ने र आत्मसात् गर्ने क्षमताको पर्याप्त विकास गर्न निबन्ध

साहित्यप्रति अनुराग बढाउन र त्यसको सिर्जना गर्न समेत अभिप्रेरणा मिल्ने पनि भएकाले यसको औचित्य रहेको प्रष्ट हुन्छ ।

# अध्याय तीन

# अध्ययन विधि र प्रक्रिया

## ३.१ अध्ययनको ढाँचा

अनुसन्धान कार्य एउटा जटिल कार्य हो र यो औपचारिक हुन्छ । यसको प्रक्रिया वैज्ञानिक पनि हुन्छ र यसमा कुनै सिद्धान्तको खोजी गर्ने प्रयास गरिएको हुन्छ । अनुसन्धान औपचारिक र व्यवस्थित खोजी कार्य भएकाले यसमा सोही अनुसन्धेय विषयसँग सम्बन्धित खास विधि वा अध्ययन ढाँचाको उपयोग हुन्छ । यसमा व्यवस्थित, वस्तुनिष्ठ र तथ्यपरक विश्लेषण हुने भएकाले अनुसन्धान कार्य कसरी सम्पन्न गरिउको छ ? भनी प्रष्ट्याउने क्रममा अनुसन्धान विधिको विवरण महत्वपूर्ण विषय हो । यस विधिअन्तर्गत सामग्रीको स्रोत सामग्री सङ्कलन गर्ने, उपकरण र सामग्रीहरू सङ्कलन गर्ने प्रक्रियाहरू पर्दछन् । कुनै पनि शोधकार्य गर्दा सुरुदेखि अन्त्यसम्म अपनाइने विधिहरूको पूर्व योजनाका रूपमा व्यवस्थित गरिनु पर्छ जसले गर्दा अनुसन्धान कार्यमा कुनै प्रकारको बाधा आउँदैन । अनुसन्धान अध्येताले अध्ययनको लागि अपनाइएका विधि र ढाँचा यस परिच्छेदमा समावेश गरिएको छ ।

प्रस्तुत अध्ययन कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमता पहिल्याउन खोजिएको कुरा यसको समस्या कथन खण्डबाट प्रष्ट भएको छ । त्यसकारण यस अध्ययनको लागि विद्यार्थीहरूबाट प्राप्त तथ्याङ्कलाई महत्त्व दिएर निष्कर्षमा पुग्ने प्रयास गरिएको छ । 'कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमता' शीर्षकको शोधकार्य विद्यार्थी केन्द्रित गरी क्षेत्रीय अध्ययन विधिबाट अध्ययन कार्यलाई अगाडि बढाइएको छ । यस अध्ययनको लागि परिमाणात्मक अध्ययन ढाँचाको प्रयोग गरिएको छ, साथै गुणात्मकताको लागि पुस्तकालयको प्रयोग गरिएको छ ।

## ३.२ जनसङ्ख्या

प्रस्तुत अनुसन्धानलाई छोटो रूपमै पूर्णता दिने उद्देश्य राखी सामुदायिक र संस्थागत गरी जम्मा पाँचवटा विद्यालयका कक्षा आठमा अध्ययनरत २०/२० जनाका दरले १०० जना विद्यार्थीहरूलाई जनसङ्ख्याको रूपमा लिइएको छ ।

## ३.३ अध्ययनको क्षेत्र

प्रस्तुत शोधकार्य नवलपरासी जिल्लाको प्रतापपुर गाउँपालिकामा अवस्थित सामुदायिक र संस्थागत विद्यालयमा अध्ययनरत १०० जना विद्यार्थीहरूलाई छनोट गरिएको छ । यस क्रममा ३ सामुदायिक र २ संस्थागत विद्यालयहरूबाट २०-२० जना विद्यार्थीहरूलाई नमुनाका रूपमा समावेश गरिएको छ ।

यसरी प्रस्तुत अध्ययनमा नवलपरासी जिल्लाको प्रतापुर गाउँपालिकाभित्र पर्ने लिटिल बुद्ध इङ्गलिस सेकेन्डरी स्कुल गोपीगञ्ज र आदर्श इङ्गलिस बोर्डिङ स्कुल सेमरी दुईवटा संस्थागत विद्यालय तथा श्री आदर्श मा.वि. सेमरी, श्री बाल्मीकि मा.वि. पुनर्वास र त्रिभुवन मा.वि., बेलाटारी गरी तीनवटा सामुदायिक विद्यालयहरूलाई लिइएको छ । प्रत्येक विद्यालयबाट दशजना छात्र र दश जना छात्रा गरी २० जनाका दरले १०० जना विद्यार्थीहरूलाई नमुना छनोटका क्रममा समावेश गरिएको छ ।

## ३.४ सामग्री निर्माण

कुनै पनि अध्ययन कार्य गर्नका लागि प्रथमतः अध्ययनको विषयअनुसार सामग्रीहरू जुटाउनु पर्दछ । यो अध्ययन विद्यार्थीको निबन्ध लेखन क्षमतासँग सम्बन्धित भएकाले विशेषतः प्राथमिक स्रोतबाट सामग्री निर्माण गरी प्रयोगमा ल्याइएको छ । यस अध्ययनमा उक्त किसिमका सामग्रीहरू निर्माणका क्रममा शोध निर्देशक, विषय विशेषज्ञ तथा सम्बन्धित विद्यालयका विषय शिक्षकहरूको सल्लाह, सुझाउ र सहयोगबाट अध्ययनलाई अगाडि बढाइएको छ ।

## ३.५ सामग्रीको कार्यान्वयन

अध्ययनका लागि परीक्षणीय सामग्रीलाई व्यवस्थित गरिसकेपछि सम्बन्धित विद्यालयहरूमा गएर प्रधानाध्यापक/प्राचार्य तथा विषय शिक्षकहरूसँग सम्पर्क गरी परीक्षणका लागि विद्यार्थीहरू उपलब्ध गराइदिनु हुन अनुरोध गरियो । त्यसपछि विद्यार्थीहरूलाई स्वतन्त्र रूपमा आफ्नो क्षमताको प्रस्तुतिका लागि सहज वातावरण बनाउन केही समय परिचय तथा पढाइसम्बन्धी विषयमा कुराकानी गरिएको थियो । यो अध्ययन विशुद्ध रूपमा निबन्ध लेखन क्षमतासँग मात्र सम्बन्धित भएकाले विद्यार्थीहरूलाई औपचारिक रूपमा उत्तीर्ण-अनुत्तीर्ण भएको बारे कुनै पनि विद्यालय तथा विद्यार्थीहरूको उपलब्धि वा

क्षमतालाई सङ्ख्यागत तथा व्यक्तिगत रूपमा सार्वजनिक नगरिने कुरामा विश्वस्त पारियो । परीक्षा सञ्चालन हुनुपूर्व नै परीक्षा सञ्चालनको क्रममा उनीहरूले पालना गर्नुपर्ने नियमहरूका बारेमा जानकारी गराइएको थियो । परीक्षाको क्रममा विद्यार्थीहरूलाई *अनुशासन* र *मेरो जीवनको लक्ष्य* शीर्षकमा निबन्ध लेख्न लगाइएको थियो । परीक्षाको समयावधि एक घण्टा तोकिएको थियो भने निर्धारित समय सकिएपछि उत्तरपुस्तिका सङ्कलन गरिएको थियो ।

## ३.६ तथ्याङ्क सङ्कलन र विश्लेषण

सामग्री निर्माण गरी सम्पन्न गरिएको परीक्षणबाट विद्यार्थीहरूले प्राप्त गरेको अङ्क नै यस अध्ययनको तथ्याङ्क हो । विद्यार्थीहरूबाट उत्तरपुस्तिका सङ्कलन पश्चात् प्रश्नहरूको उत्तर कुञ्जिकामा विषयवस्तुको ज्ञानमा ३० अङ्क, विवेचनात्मक प्रस्तुतिमा ३० अङ्क, शैली मौलिकतामा २० अङ्क र भाषिक शुद्धतामा २० अङ्क गरी समग्रमा १०० पूर्णाङ्क निर्धारण गरी उत्तर पुस्तिकाको जाँच गरियो ।

उत्तरपुस्तिकाको जाँच पश्चात् प्रश्नहरूको छुट्टाछुट्टै अङ्क गणना गरियो । सम्पूर्ण प्राप्ताङ्कलाई भाषिक पृष्ठभूमि, लिङ्गगत र विद्यालयको प्रकृति समूहहरूमा वर्गीकरण गरी तालिकीकरणको माध्यमबाट छुट्टाछुट्टै रूपमा वर्गीकरण गरियो । तथ्यको विश्लेषणको क्रममा सम्पूर्ण विद्यार्थीहरूको मध्यमान निकालियो । त्यसैगरी मध्यमान र प्रतिशतका आधारमा समग्र विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको व्याख्या विश्लेषण गरियो । समूहगत र समग्र आधारमा विद्यार्थीहरूको प्राप्ताङ्कमा के-कति भिन्नता छ भनेर जान्नका लागि मानक विचलन निकालियो ।

प्रस्तुत अध्ययनका क्रममा उपयोगमा ल्याएका साङ्ख्यिकीय सूत्रहरू यसप्रकार रहेका छन् :

(क) प्रतिशताङ्क (Percentile) गणना गर्न उपयोगमा ल्याइएको सूत्र :

प्रतिशत $p = \frac{R}{T} \times 100$

यहाँ P = प्रतिशत

R = तोकिएकाश्रेणीमा प्राप्ताङ्क ल्याउन सफल विद्यार्थी सङ्ख्या

T =कुल विद्यार्थी सङ्ख्या

(ख) मध्यमान (Mean)निर्धारण गर्न प्रयोगमा ल्याइएको सूत्र :

$$\bar{X} = \frac{\sum X}{N}$$

यहाँ,

$\bar{X}$ = मध्यमान (Mean)

$\sum X$ = प्राप्ताङ्कहरूको कुल योगफल

N = जम्मा विद्यार्थी सङ्ख्या

X = प्राप्त तथ्याङ्क

(ग) मानक विचलन (Standard Deviation)गणना गर्न प्रयोगमा ल्याइएको सूत्र
:

$$\sim = \frac{\sqrt{\sum x^2 - [(\sum x)^2 / N]}}{N}$$

यहाँ,

$\alpha$ = मानक विचलन (Standard Deviation)

$\sum$ = योगफल

$\sum x$ = प्राप्ताङ्कको कुलयोग

N = जम्मा विद्यार्थी सङ्ख्या

$(\sum x)^2$ = प्राप्त तथ्याङ्क

## ३.७ शोधको रूपरेखा

प्रस्तुत शोध अध्ययनको रूपरेखा निम्नानुसार रहेको छ :

**अध्याय एक : शोध परिचय**

शोधपत्रको प्रथम अध्यायमा पृष्ठभूमि, समस्या कथन, शोधकार्यको उद्देश्य, अध्ययनको औचित्य, अध्ययनको सीमाङ्कन प्रस्तुत गरिएको छ ।

**अध्याय दुई : पूर्वकार्यको समीक्षा र निबन्धको सैद्धान्तिक परिचय**

शोधपत्रको दोस्रो अध्यायमा शोधकार्यका निम्ति सैद्धान्तिक आधार तयार गरिएको छ । यस अध्यायमा पूर्वकार्यको समीक्षा, पूर्वकार्यको समीक्षाको उपादेयता र निबन्ध लेखनको सैद्धान्तिक अवधारण प्रस्तुत गरिएको छ ।

**अध्याय तीन : शोधविधि र प्रक्रिया**

शोधपत्रको तेस्रो अध्यायमा शोधकार्यका निमित्त शोधविधिको आधार तयार गरिएको छ । जसमा अध्ययनको ढाँचा, जनसङ्ख्या पहिचान, प्रतिनिधि नमूना, सामग्री निर्माण, तथ्याङ्क सङ्कलन, तथ्याङ्क विश्लेषण र प्रस्तुतीकरण, सारांश र शोधको रूपरेखा प्रस्तुत गरिएको छ ।

**अध्याय चार : निबन्ध लेखनको व्याख्या र विश्लेषण**

शोधपत्रको चौथो अध्यायमा शोधकार्यका निम्ति तथ्याङ्कको नतिजा र छलफल गरी विश्लेषण गरिएको छ । जसमा तथ्याङ्क विश्लेषण र नतिजा, छलफल प्रस्तुत गरिएको छ ।

**अध्याय पाँच : सारांश, निष्कर्ष एवम् उपयोगिता**

शोधपत्रको पाँचौ अध्यायमा सारांश, निष्कर्ष एवम् उपयोगिता शीर्षक राखिएको छ । जसमा शोधात्मक अध्ययनबाट प्राप्त निष्कर्षलाई उल्लेख गरिएको छ । उपयोगितामा नीतिगत तहमा र प्रयोगगत तहमा प्रस्तुत गरिएको छ । निबन्ध लेखन कार्यको सुधार गर्नका लागि सुझाउहरू दिइएको छ अनि अन्त्यमा भावी शोधको निम्ति शीर्षकहरू प्रस्तुत गरिएको छ ।

## अध्याय चार

# निबन्ध लेखनको व्याख्या र विश्लेषण

## ४.१ विषयप्रवेश

प्रस्तुत अध्ययनबाट नवलपरासी जिल्ला, प्रतापपुर गाउँपालिकाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमता पहिल्याउने उद्देश्य राखिएको छ । अघिल्लो परिच्छेदमा गरिएको अध्ययन विधिअनुसार यहाँ अध्ययन क्षेत्रका पाँचवटा विद्यालयका १०० जना विद्यार्थीहरूबाट अध्ययनका लागि तथ्याङ्क सङ्कलन गरिएको छ । व्याख्या तथा विश्लेषणलाई पूर्णतः वस्तुगत रूप दिन प्रतिशत गणना, मध्यमान र मानक विचलन जस्ता तथ्याङ्कशास्त्रीय विश्लेषणका तरिकालाई अगाडि सारिएको छ । यस शोधकार्यमा विश्लेषणका लागि अपनाइएका विभिन्न विधि तथा प्रविधिहरूको विस्तृत विवरणहरूका साथै चलहरूको विश्लेषण निम्नानुसार गरिएको छ :

## ४.२ समग्र विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको स्थिति

समग्र विद्यार्थीहरू भन्नाले छनोटमा परेका सबै विद्यार्थीहरू भन्ने बुझिन्छ । अध्ययनका लागि १०० जना विद्यार्थीहरू छनोट गरिएको छ । तिनै विद्यार्थीहरूद्वारा लेखिएको निबन्धलाई परीक्षण गरी अङ्कन गर्नुका साथै परीक्षणकै आधारमा निबन्ध लेखन क्षमताको स्थिति निर्धारण गरी प्रस्तुत गरिएको छ ।

**तालिका सङ्ख्या : १**

**समग्र विद्यार्थीको निबन्ध लेखन क्षमताको प्रतिशताङ्क स्थिति**

| कुल सङ्ख्या | ०-३५ प्रतिशत | | ३६-४५ प्रतिशत | | ४६-५५ प्रतिशत | | 56-65 प्रतिशत | | टट प्रतिशत माथि | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| 100 | 11 | 11 | 14 | 14.00 | 20 | 20.00 | 16 | 16.00 | 39 | 39.00 |

(स्रोत : स्थलगत अध्ययन, २०७४)

माथिको तालिका सङ्ख्या १ अनुसार समग्र विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको प्रतिशत गणना गर्दा प्रतिनिधि विद्यार्थी सङ्ख्याका रूपमा छनोट गरिएका कुल १०० जना विद्यार्थीहरूलाई उनीहरूको प्राप्ताङ्क प्रतिशतका आधारमा पाँच श्रेणीमा विभाजन गरिएको

छ । जसअनुसार 0-35 प्रतिशत निबन्ध लेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या 11 अर्थात् 11.00 प्रतिशत देखिन्छ । 36-45 प्रतिशतका बीचको अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या 14 अर्थात् 14.00 प्रतिशत रहेको छ । यसरी नै 46-55 प्रतिशत निबन्ध लेखन क्षमता भएका विद्यार्थी सङ्ख्या 20 जना अर्थात् 20.00 प्रतिशत देखिन्छ । 56-65 प्रतिशतका बीचमा रहेका विद्यार्थीहरूको संख्या 16 अर्थात् 16.00 प्रतिशत नै रहेको छ । 66.00 प्रतिशतभन्दा माथि निबन्ध लेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या 39 जना अर्थात् 39.00 प्रतिशत नै रहेको देखिन्छ ।

अतः यस तथ्यले विद्यार्थीहरू आंशिक रूपमा निबन्ध विधासँग परिचित भए पनि यसका विविध पक्षको बारेमा स्पष्ट हुन नसकेको कुरा माथिको तालिबाबाट बुभ्न सकिन्छ साथै समग्र विद्यार्थीहरूको प्रतिशताङ्कको आधारमा निबन्ध लेखन क्षमता राम्रो देखिन्छ ।

### ४.२.१ मध्यमान र मानक विचलनका आधारमा समग्र विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको स्थिति

सङ्कलित तथ्याङ्कबाट प्राप्त मध्यमान र मानक विचलनका आधारमा समग्र विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको स्थितिलाई तलको तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका सङ्ख्या : २**

**मध्यमान र मानक विचलनका आधारमा समग्र विद्यार्थीको निबन्ध लेखन क्षमताको प्रतिशताङ्क स्थिति**

| कुल सङ्ख्या | मध्यमान | मानक विचलन | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| 100 | 56.75 | 15.77 | 55 | 55.00 | 45 | 46.00 |

(स्रोत : स्थलगत अध्ययन, २०७४)

माथिको तालिका सङ्ख्या २ अनुसार मध्यमान 56.75 देखिन्छ भने मानक विचलन 15.77 देखिन्छ । मध्यमानलाई आधार मानेर मध्यमानभन्दा माथि र मध्यमानभन्दा तल दुई समूह निर्माण गरी हेर्दा कूल विद्यार्थी सङ्ख्यामध्ये मध्यमानभन्दा माथि 55 अर्थात् 55.00 प्रतिशत र मध्यमानभन्दा तलको सङ्ख्या 45 अर्थात्

45.00 प्रतिशत मापन गराउन विद्यार्थीहरू सक्षम देखिन्छन् । यसरी मध्यमानलाई आधार मानेर व्याख्या गर्दा मध्यमानभन्दा माथि र मध्यमानभन्दा तलका विद्यार्थीहरूको अन्तर सङ्ख्या 10 अर्थात् 10.00 प्रतिशत रहेको छ । मध्यमानभन्दा माथि र तल निबन्ध लेखन क्षमता भएका विद्यार्थीहरूको बीचको अन्तर मध्यमानभन्दा धेरै देखिएकाले कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमता त्यति सन्तोषजनक नरहेको देखिन्छ ।

मानक विचलनका माध्यमबाट देखिने औषत भिन्नता हो । प्रस्तुत तालिकामा समग्र मानक विचलन 15.77 देखिएको छ । मानक विचलन जति बढी विचलित हुन्छ त्यति नै असन्तुलित हुन्छ । मानक विचलन 15.77 देखिनुले कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमतामा एकरूपता नभएको पाइएको छ । यसका आधारमा निदानात्मक शिक्षण गरी विद्यार्थीहरूको अवस्थामा सुधार गर्नुपर्ने देखिन्छ ।

## ४.३ विद्यालयका प्रकृतिका आधारमा विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको अध्ययन

विद्यालयको प्रकृतिका आधारमा भन्नाले सामुदायिक र संस्थागत विद्यालयहरू पर्दछन् । अध्ययनका लागि सामुदायिक विद्यालयबाट ५० जना विद्यार्थी र संस्थागत विद्यालयबाट ५० जना गरी १०० जना विद्यार्थीहरू छनोट गरिएको छ । तिनै विद्यार्थीहरूद्वारा लेखिएका निबन्धलाई परीक्षणको आधारमा निबन्ध लेखन क्षमताको स्थिति निर्धारण गरी प्रस्तुत गरिएको छ ।

### ४.३.१ सामुदायिक विद्यालयका विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको अध्ययन

नमुना छनोटमा परेका विद्यार्थीहरूमा श्री आदर्श मा.वि. सेमरी, त्रिभुवन मा.वि. बेलाटारी र वाल्मीकि मा.वि. पुनर्बास गरी तीन विद्यालयका ६० जना विद्यार्थीहरू रहेका छन् । उनीहरूको निबन्ध लेखन क्षमताको स्थिति निम्नानुसार रहेको पाइयो :

**तालिका सङ्ख्या : ३**

**सामुदायिक विद्यालयका विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको प्रतिशताङ्क स्थिति**

| कुल सङ्ख्या | ०-३५ प्रतिशत | | ३६-४५ प्रतिशत | | ४६-५५ प्रतिशत | | 56-65 प्रतिशत | | टट प्रतिशत माथि | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 60 | 8 | 13.33 | 8 | 13.33 | 11 | 18.33 | 8 | 13.33 | 25 | 41.66 |

(स्रोत : स्थलगत अध्ययन, २०७४)

माथिको तालिका सङ्ख्या ३ अनुसार सामुदायिक विद्यालयका विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको प्रतिशत गणना गर्दा प्रतिनिधि विद्यार्थी सङ्ख्याका रूपमा छनोट गरिएका कुल ६० जना विद्यार्थीहरूलाई उनीहरूको प्राप्ताङ्क प्रतिशतका आधारमा पाँच श्रेणीमा विभाजन गरिएको छ । जसअनुसार 0-35 प्रतिशतसम्म निबन्ध लेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या 8 अर्थात् 13.33 प्रतिशत देखिन्छ । 36-45 प्रतिशतका बीचको अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या पनि 8 अर्थात् 13.33 प्रतिशत नै रहेको छ । यसैगरी 46-55 प्रतिशतका बीचमा निबन्ध लेखन क्षमता भएका विद्यार्थी सङ्ख्या 11 जना अर्थात् 18.33 प्रतिशत रहेको पाइन्छ । 56-65 प्रतिशतका बीचमा रहेका विद्यार्थीहरूको संख्या 8 अर्थात् 18.33 प्रतिशत नै रहेको छ । 66 प्रतिशतभन्दा बढी निबन्ध लेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या 25 जना अर्थात् 41.77 प्रतिशत रहेको देखिन्छ । अति न्यूनतम अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या 8 अर्थात् 13.33 प्रतिशत र अति उच्च अङ्क प्राप्त गर्ने विद्यार्थीको संख्या 25 अर्थात् 41.77 प्रतिशत रहेको देखिन्छ । यसर्थ सामुदायिक विद्यालयका विद्यार्थीहरूको प्रतिशताङ्कताको आधारमा निबन्ध लेखन क्षमता राम्रो देखिन्छ ।

### 4.3.2 मध्यमान र मानक विचलनका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको स्थिति

सङ्कलित तथ्याङ्कबाट प्राप्त मध्यमान र मानक विचलनका आधारमा सामुदायिक विद्यालयमा अध्ययनरत कक्षा आठका विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको स्थितिलाई तलको तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका सङ्ख्या : ४**

**मध्यमान र मानक विचलनका आधारमा समग्र विद्यार्थीको निबन्ध लेखन क्षमताको प्रतिशताङ्क स्थिति**

| कुल | मध्यमान | मानक विचलन | मध्यमानभन्दा माथि | मध्यमानभन्दा तल |
|---|---|---|---|---|

| सङ्ख्या | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|---|---|---|
| 60 | 56.91 | 16.76 | 33 | 55.00 | 27 | 45.00 |

(स्रोत : स्थलगत अध्ययन, २०७४)

तालिका सङ्ख्या ४ अनुसार मध्यमान 56.91 देखिन्छ भने मानक विचलन 17.76 देखिन्छ । मध्यमानलार्य आधार मानेर मध्यमानभन्दा माथि र मध्यमानभन्दा तल दुई समूह निर्माण गरी हेर्दा कूल विद्यार्थी सङ्ख्यामध्ये मध्यमानभन्दा माथि 33 अर्थात् 55.00 प्रतिशत र मध्यमानभन्दा तलको सङ्ख्या 27 अर्थात् 45.00 प्रतिशत मापन गराउन विद्यार्थीहरू सक्षम देखिन्छन् । यसरी मध्यमानलाई आधार मानेर व्याख्या गर्दा मध्यमानभन्दा माथि र मध्यमानभन्दा तलका विद्यार्थीहरूको अन्तर सङ्ख्या 10 अर्थात् 10.00 प्रतिशत रहेको छ । मध्यमानभन्दा माथि र तल निबन्ध लेखन क्षमता भएका विद्यार्थीहरूको बीचको अन्तर मध्यमानभन्दा धेरै देखिएकाले कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमता सन्तोषजनक रहेको देखिन्छ ।

मानक विचलनका माध्यमबाट देखिने औषत भिन्नता हो । प्रस्तुत तालिकामा समग्र मानक विचलन 16.77 देखिएको छ । मानक विचलन जति बढी विचलित हुन्छ त्यति नै असन्तुलित हुन्छ । मानक विचलन 16.76 देखिनुले सामुदायिक विद्यालयका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमतामा एकरूपता नभएको पाइएको छ । यसका आधारमा निदानात्मक शिक्षण गरी विद्यार्थीहरूको अवस्थामा सुधार गर्नुपर्ने देखिन्छ ।

### ४.३.३ संस्थागत विद्यालयका विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको अध्ययन

व्यक्तिगत लगानी गरी सञ्चालन गरिएका विद्यालयहरूलाई संस्थागत विद्यालय भनिन्छ । अध्ययनका क्रममा नमुना छनोटमा परेका विद्यालयहरूमा लिटिल बुद्ध इङ्गलिस स्कूल गोपीगञ्ज र आदर्श इङ्गलिस बोर्डिङ स्कूल सेमरी गरी दुई संस्थागत विद्यालयका छात्र र छात्रा गरी ४० जना विद्यार्थीहरू रहेका छन् । उनीहरूको निबन्ध लेखन क्षमताको स्थिति निम्नानुसार रहेको पाइन्छ :

**तालिका सङ्ख्या : ५**

**संस्थागत विद्यालयका विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको प्रतिशताङ्क स्थिति**

| कुल | ०-३५ प्रतिशत | ३६-४५ प्रतिशत | ४६-५५ प्रतिशत | 56-65 प्रतिशत | 66 प्रतिशत |
|---|---|---|---|---|---|

| सङ्ख्या | | | | | | | | | माथि | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| 40 | 3 | 7.50 | 6 | 15.00 | 9 | 22.50 | 8 | 20.00 | 14 | 35.00 |

(स्रोत : स्थलगत अध्ययन, २०७४)

माथिको तालिका सङ्ख्या ५ अनुसार संस्थागत विद्यालयका विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको प्रतिशत गणना गर्दा प्रतिनिधि विद्यार्थी सङ्ख्याका रूपमा छनोट गरिएका कुल ४० जना विद्यार्थीहरूलाई उनीहरूको प्राप्ताङ्क प्रतिशतका आधारमा पाँच श्रेणीमा विभाजन गरिएको छ । जसअनुसार 0-35 प्रतिशतसम्म निबन्ध लेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या 3 अर्थात् 7.50 प्रतिशत रहेको देखिन्छ । 36-45 प्रतिशतका बीचको अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या 6 अर्थात् 15.00 प्रतिशत रहेको देखिन्छ । यसैगरी 46-55 प्रतिशतका बीचमा निबन्ध लेखन क्षमता भएका विद्यार्थी सङ्ख्या 9 अर्थात् 22.50 प्रतिशत रहेको पाइन्छ । 56-65 प्रतिशतका बीचमा रहेका विद्यार्थीहरूको संख्या 8 अर्थात् 20 प्रतिशत रहेको देखिन्छ । 66 प्रतिशतभन्दा बढी निबन्ध लेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या 14 अर्थात् 35.00 प्रतिशत रहेको देखिन्छ । अति न्यूनतम अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या 3.5 अर्थात् 7.50 प्रतिशत र अति उच्च अङ्क प्राप्त गर्ने विद्यार्थीको संख्या 14 अर्थात् 35.00 प्रतिशत रहेको देखिन्छ । यसर्थ संस्थागत विद्यालयका विद्यार्थीहरूको प्रतिशताङ्कताको आधारमा निबन्ध लेखन क्षमता सन्तोषजनक रहेको देखिन्छ ।

### 4.3.4 मध्यमान र मानक विचलनका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको स्थिति

सङ्कलित तथ्याङ्कबाट प्राप्त मध्यमान र मानक विचलनका आधारमा संस्थागत विद्यालयमा अध्ययनरत कक्षा आठका विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको स्थितिलाई तलको तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका सङ्ख्या : ६**

**मध्यमान र मानक विचलनका आधारमा संस्थागत विद्यालयका विद्यार्थीको निबन्ध लेखन क्षमताको प्रतिशताङ्क स्थिति**

| कुल सङ्ख्या | मध्यमान | मानक विचलन | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| 40 | 56.75 | 13.85 | 22 | 55.00 | 18 | 45.00 |

(स्रोत : स्थलगत अध्ययन, २०७४)

तालिका सङ्ख्या ६ अनुसार मध्यमान 56.75 देखिन्छ । मध्यमानलाई आधार मानेर मध्यमानभन्दा माथि र मध्यमानभन्दा तल दुई समूह निर्माण गरी हेर्दा कूल विद्यार्थी सङ्ख्यामध्ये मध्यमानभन्दा माथि 22 अर्थात् 55.00 प्रतिशत र मध्यमानभन्दा तल 18 अर्थात् 45.00 प्रतिशत क्षमताको मापन गराउन विद्यार्थीहरू सक्षम देखिन्छन् । यसरी मध्यमानलाई आधार मानेर व्याख्या गर्दा मध्यमानभन्दा माथि र मध्यमानभन्दा तलका विद्यार्थीहरूको अन्तर सङ्ख्या 4 अर्थात् 10.00 प्रतिशत रहेको देखिन्छ । मध्यमानभन्दा माथि र तल निबन्ध लेखन क्षमता भएका विद्यार्थीहरूको बीचको अन्तर मध्यमानभन्दा माथि धेरै देखिएकाले संस्थागत विद्यालयमा कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमता सन्तोषजनक रहेको देखिन्छ ।

मानक विचलनका माध्यमबाट देखिने औषत भिन्नता हो । प्रस्तुत तालिकामा समग्र मानक विचलन 13.85 देखिएको छ । मानक विचलन जति बढी विचलित हुन्छ त्यति नै असन्तुलित हुन्छ । मानक विचलन 13.85 देखिनुले संस्थागत विद्यालयका विद्यार्थीहरूको निबन्ध लेखन क्षमतामा एकरूपता नभएको पाइएको छ । यसका आधारमा निदानात्मक शिक्षण गरी विद्यार्थीहरूको अवस्थामा सुधार गर्नुपर्ने देखिन्छ ।

### ४.३.५ विद्यालयका प्रकृतिका आधारमा विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको तुलना

समग्र विद्यार्थीहरूको अध्ययन गर्दा विद्यालयका प्रकृतिको आधारमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरू बीच निबन्ध लेखन क्षमताको तुलनात्मक स्थितिलाई निम्नानुसार देखाउन सकिन्छ :

**तालिका सङ्ख्या : ७**

**विद्यालयका प्रकृतिका आधारमा विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको तुलना**

| विद्यालयको प्रकृति | सङ्ख्या | मध्यमान | समग्र मध्यमान | मानक विचलन | समग्र मानक विचलन | मध्यमानभन्दा माथि | मध्यमानभन्दा तल |
|---|---|---|---|---|---|---|---|
| सामुदायिक | 60 | 56.91 | 56.75 | 16.76 | 15.77 | 55 | 45.00 |
| संस्थागत | 40 | 56.75 | | 13.85 | | 55 | 45.00 |

(स्रोत : स्थलगत अध्ययन, २०७२)

तालिका सङ्ख्या७ अनुसार कूल प्रतिनिधि जनसंख्या १०० रहेको र यस अध्ययनमा विद्यालयका प्रकृतिका दृष्टिले सामुदायिक र संस्थागत दुवै विद्यालयका ६० र ४० जना विद्यार्थीहरूलाई निबन्ध लेखन क्षमताको तुलना गर्न प्रतिनिधि विद्यार्थीको रूपमा छनोट गरिएको छ । समूहको समग्र मध्यमान 56.85 र समग्र मानक विचलन 15.77 रहेको छ ।  सामुदायिक विद्यालयका विद्यार्थीहरूको मध्यमान 56.91 छ भने संस्थागत विद्यालयका विद्यार्थीहरूको मध्यमान 56.75 प्रतिशत रहेको छ । उक्त तालिकालाई आधार मानी तुलना गर्दा दुवै प्रकृतिका विद्यालयका विद्यार्थीहरूको निबन्ध लेखन क्षमता सन्तोषजनक नै देखिन्छ । सामुदायिक विद्यालयका विद्यार्थीहरूको निबन्ध लेखन क्षमता मध्यमानभन्दा ५५.00 ले माथि र मध्यमानभन्दा तल ४५.00 प्रतिशतले तल रहनुले निबन्ध लेखन क्षमता सन्तोषजनक नै देखिन्छ। संस्थागत विद्यालयका विद्यार्थीहरूको निबन्ध लेखन क्षमता मध्यमानभन्दा ५५.00 प्रतिशतले माथि र मध्यमानभन्दा ४५.00 प्रतिशतले तल रहनुले दुवै प्रकृतिका विद्यालयका विद्यार्थीहरूको निबन्ध लेखन क्षमता उस्तै-उस्तै देखिन्छ।

मानक विचलनलाई आधार मान्दा समूहगत रूपमा मानक विचलनको स्थितिलाई हेर्दा सामुदायिक विद्यालयका विद्यार्थीहरूको समूहतर्फ 16.76 र संस्थागत विद्यालयका विद्यार्थीहरूको समूहतर्फ 13.85 देखिएको छ र यी दुई समूहको अन्तर 2.91 देखिन्छ । समग्र मानक विचलनभन्दा सामुदायिक विद्यालयका विद्यार्थीहरूको समूहगत मानक विचलन 0.99 ले बढी छ भने समग्र मानक विचलनभन्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको समूहगत मानक विचलन भन्दा 1.92 ले कम रहेको देखिन्छ। सामुदायिक

विद्यालयका विद्यार्थीहरूको तुलनामा संस्थागत विद्यालयका विद्यार्थीहरूको विचलन कम रहेको देखिन्छ । संस्थागत विद्यालयका विद्यार्थीहरूको निबन्ध लेखन क्षमतामा एकरूपता देखिन्छ ।

## ४.४ भाषिक पृष्ठभूमिका आधारमा नेपाली मातृभाषी विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको अध्ययन

अध्ययनको क्रममा विद्यार्थीहरूको भाषिक पृष्ठभूमिअन्तर्गत नेपाली मातृभाषी र नेपाली दोस्रो भाषी विद्यार्थीहरूमा वर्गीकरण गरिएको छ । अध्ययनका लागि नेपाली मातृभाषी ३६ जना र नेपाली दोस्रो भाषी ६४ जना विद्यार्थीहरूलाई छनौट गरिएको छ । तिनै विद्यार्थीहरूद्वारा लेखिएका निबन्धहरूलाई परीक्षण गरी अङ्कन गर्नुका साथै परीक्षणकै आधारमा निबन्ध लेखन क्षमताको स्थिति निर्धारण गरिएको छ :

### ४.४.१ पहिलो नेपाली मातृभाषी विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको अध्ययन

छनोटमा परेका विद्यार्थीहरूलाई पहिलो नेपाली पहिलो भाषी विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको स्थिति निम्नानुसार रहेको पाइन्छ :

**तालिका सङ्ख्या : ८**

**पहिलो नेपाली मातृभाषी विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको प्रतिशताङ्क स्थिति**

| कुल सङ्ख्या | ०-३५ प्रतिशत | | ३६-४५ प्रतिशत | | ४६-५५ प्रतिशत | | 56-65 प्रतिशत | | टट प्रतिशत माथि | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| 36 | 3 | 8.33 | 6 | 16.66 | 12 | 33.33 | 5 | 13.88 | 10 | 27.77 |

(स्रोत : स्थलगत अध्ययन, २०७४)

माथिको तालिका सङ्ख्या ८ अनुसार पहिलो नेपाली मातृभाषी विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको प्रतिशत गणना गर्दा प्रतिनिधि जनसङ्ख्याको रूपमा छनोट गरिएका कूल संख्या ३६ लाई उनीहरूको प्राप्ताङ्क प्रतिशतका आधारमा पाँच श्रेणीमा आधारमा पाँच श्रेणीमा विभाजन गरिएको छ । 0-35 प्रतिशतसम्म निबन्ध लेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या 3 अर्थात् 8.33 प्रतिशत रहेको देखिन्छ । 36-45 प्रतिशतका बीचको अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या 6 अर्थात् 16.66 प्रतिशत रहेको पाइन्छ

। यसैगरी 46-55 प्रतिशतका बीचमा रहेका विद्यार्थी सङ्ख्या 12 अर्थात् 33.33 प्रतिशत रहेको देखिन्छ । 56-65 प्रतिशतका बीचमा निबन्ध लेखन क्षमता रहेका विद्यार्थीहरूको संख्या 5 अर्थात् 13.88 प्रतिशत रहेको देखिन्छ । 66 प्रतिशतभन्दा बढी निबन्ध लेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या 10 अर्थात् 27.77 प्रतिशत रहेको देखिन्छ । अति न्यूनतम अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या 3 अर्थात् 8.33 प्रतिशत र उच्च अङ्क प्राप्त गर्ने विद्यार्थीको संख्या 10 अर्थात् 27.77 प्रतिशत रहेको देखिन्छ । यसर्थ पहिलो नेपाली मातृभाषी विद्यार्थीहरूको प्रतिशताङ्कको आधारमा निबन्ध लेखन क्षमता ठीकै रहेको देखिन्छ ।

### 4.4.2 मध्यमान र मानक विचलनका आधारमा नेपाली मातृभाषी विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको स्थिति

सङ्कलित तथ्याङ्कबाट प्राप्त मध्यमान र मानक विचलनका आधारमा नेपाली मातृभाषी विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको स्थितिलाई तलको तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका सङ्ख्या : ९**

**मध्यमान र मानक विचलनका आधारमा नेपाली मातृभाषी विद्यार्थीको निबन्ध लेखन क्षमताको प्रतिशताङ्क स्थिति**

| कुल सङ्ख्या | मध्यमान | मानक विचलन | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| 36 | 54.52 | 14.11 | 15 | 41.66 | 21 | 58.33 |

(स्रोत : स्थलगत अध्ययन, २०७४)

तालिका सङ्ख्या ९ अनुसार मध्यमान 54.52 देखिन्छ भने मानक विचलन 14.11 देखिन्छ । मध्यमानलाई आधार मानेर मध्यमानभन्दा माथि र मध्यमानभन्दा तल

दुई समूह निर्माण गरी हेर्दा कूल नेपाली मातृभाषी विद्यार्थी सङ्ख्यामध्ये मध्यमानभन्दा माथि संख्या 15 अर्थात् 41.66 प्रतिशत र मध्यमानभन्दा तल 21 अर्थात् 58.33 प्रतिशत क्षमताको मापन गराउन विद्यार्थीहरू सक्षम देखिन्छन् । यसरी मध्यमानलाई आधार मानेर व्याख्या गर्दा मध्यमानभन्दा माथि र मध्यमानभन्दा तल्लो स्तरका विद्यार्थीहरूको अन्तर सङ्ख्या 6 अर्थात् 16.6 प्रतिशत रहेको देखिन्छ । मध्यमानभन्दा माथि र तल निबन्ध लेखन क्षमता भएका विद्यार्थीहरूको बीचको अन्तर मध्यमानभन्दा तल धेरै कक्षा आठमा अध्ययनरत नेपाली मातृभाषी विद्यार्थीहरूको निबन्ध लेखन क्षमता सन्तोषजनक नरहेको देखिन्छ ।

मानक विचलनका माध्यमबाट देखिने औषत भिन्नता हो । प्रस्तुत तालिकामा समग्र मानक विचलन 14.11 देखिएको छ । मानक विचलन जति बढी विचलित हुन्छ त्यति नै असन्तुलित हुन्छ । मानक विचलन 14.11 देखिनुले कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमतामा एकरूपता नभएको पाइएको छ । नेपाली भाषा बोलचालको भाषा भए तापनि नेपाली मातृभाषी विद्यार्थीहरूमा निबन्ध लेखन क्षमता राम्रो देखिएन । त्यसैले निदानात्मक शिक्षण गरी विद्यार्थीहरूको अवस्थामा सुधार गर्नुपर्ने देखिन्छ ।

### ४.४.३ नेपाली दोस्रो भाषी विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको अध्ययन

नेपाली भाषा बाहेक अन्य भाषालाई जन्मनासाथ आमाको काखमा सिकेको हुन्छ त्यस्तो भाषालाई दोस्रो भाषीअन्तर्गत समावेश गरिएको छ । नमुना छनोटमा परेका सिंह, यादव, थारु, कोइरी, केवट, धरिकार, श्रेष्ठ, जयसवाल, चमार आदि थर भएका विद्यार्थीहरूलाई नेपाली दोस्रो भाषी विद्यार्थीअन्तर्गत राखी उनीहरूको निबन्ध लेखन क्षमताको अध्ययन निम्नानुसार गरिएको छ :

#### ४.४.३.१ नेपालीदोस्रोभाषी विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको अध्ययन

छनोटमा परेका विद्यार्थीहरूमध्ये नेपाली दोस्रो भाषी विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको स्थिति निम्नानुसार रहेको पाइन्छ :

**तालिका सङ्ख्या : १०**

**नेपालीदोस्रो भाषी विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको प्रतिशताङ्क स्थिति**

| कुल सङ्ख्या | ०-३५ प्रतिशत | ३६-४५ प्रतिशत | ४६-५५ प्रतिशत | 56-65 प्रतिशत | टट प्रतिशत माथि |
|---|---|---|---|---|---|

| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 64 | 8 | 12.50 | 8 | 12.50 | 8 | 12.50 | 13 | 20.31 | 27 | 42.18 |

(स्रोत : स्थलगत अध्ययन, २०७४)

माथिको तालिका सङ्ख्या १० अनुसार नेपाली दोस्रो भाषी (नेपाली विमातृभाषी) विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको प्रतिशत गणना गर्दा प्रतिनिधि जनसङ्ख्याको रूपमा छनोट गरिएका कूल संख्या ६4 लाई उनीहरूको प्राप्ताङ्क प्रतिशतका आधारमा पाँच श्रेणीमा आधारमा पाँच श्रेणीमा विभाजन गरिएको छ । 0-35 प्रतिशतसम्म निबन्ध लेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या 8 अर्थात् 12.50 प्रतिशत रहेको देखिन्छ । 36-45 प्रतिशतका बीचको अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या 8 अर्थात् 12.50 प्रतिशत रहेको छ । यसैगरी 46-55 प्रतिशतका बीचमा रहेका विद्यार्थी सङ्ख्या 8 अर्थात् 12.50 प्रतिशत नै रहेको देखिन्छ । त्यसैगरी 56-65 प्रतिशतका बीचमा अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको संख्या 13 अर्थात् 20.31 प्रतिशत रहेको पाइन्छ । 66 प्रतिशतभन्दा बढी निबन्ध लेखनक्षमता भएका विद्यार्थीहरूको सङ्ख्या 27 अर्थात् 42.18 प्रतिशत रहेको देखिन्छ । अति न्यूनतम अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या 8 अर्थात् 12.50 प्रतिशत र अति उच्च अङ्क प्राप्त गर्ने विद्यार्थीको संख्या 27 अर्थात् 42.18 प्रतिशत रहेको देखिन्छ । यसर्थ नेपाली दोस्रो भाषी विद्यार्थीहरूको प्रतिशताङ्कताको आधारमा निबन्ध लेखन क्षमता राम्रो रहेको देखिन्छ ।

#### 4.4.3.2 मध्यमान र मानक विचलनका आधारमा नेपाली दोस्रो भाषी विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको स्थिति

सङ्कलित तथ्याङ्कबाट प्राप्त मध्यमान र मानक विचलनका आधारमा नेपाली दोस्रो भाषी विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको स्थितिलाई तलको तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका सङ्ख्या : 11**

**मध्यमान र मानक विचलनका आधारमा नेपाली दोस्रो भाषी विद्यार्थीको निबन्ध लेखन क्षमताको प्रतिशताङ्क स्थिति**

| कुल सङ्ख्या | मध्यमान | मानक विचलन | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| 64 | 57.73 | 16.12 | 26 | 40.72 | 24 | 37.50 |

(स्रोत : स्थलगत अध्ययन, २०७४)

तालिका सङ्ख्या11 अनुसार मध्यमान 56.73 देखिन्छ भने मानक विचलन 16.12 देखिन्छ। मध्यमानलाई आधार मानेर मध्यमानभन्दा माथि र मध्यमानभन्दा तल दुई समूह निर्माण गरी हेर्दा कूल नेपाली दोस्रो भाषी विद्यार्थी सङ्ख्यामध्ये मध्यमानभन्दा माथि संख्या 26 अर्थात् 40.72 प्रतिशत र मध्यमानभन्दा तलको संख्या 24 अर्थात् 37.5 प्रतिशत क्षमताको मापन गराउन विद्यार्थीहरू सक्षम देखिन्छन् । यसरी मध्यमानलाई आधार मानेर व्याख्या गर्दा मध्यमानभन्दा माथि र मध्यमानभन्दा तल्लो स्तरका विद्यार्थीहरूको अन्तर सङ्ख्या 2 अर्थात् 3.12 प्रतिशत रहेको देखिन्छ । मध्यमानभन्दा माथि र तल निबन्ध लेखन क्षमता भएका विद्यार्थीहरूको बीचमा अन्तर धेरै नदेखिएकाले कक्षा आठमा अध्ययनरत नेपाली विमातृभाषी विद्यार्थीहरूको निबन्ध लेखन क्षमता सन्तोषजनक नरहेको देखिन्छ।

### ४.४.४.४ भाषिक पृष्ठमूमिका आधारमा विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको तुलना

समग्र विद्यार्थीहरूको अध्ययन गर्दा भाषिक पृष्ठभूमिका आधारमा नेपाली मातृभाषी र नेपाली दोस्रो भाषी बीच निबन्ध लेखन क्षमताको तुलनात्मक स्थितिलाई निम्नानुसार देखाउन सकिन्छ :

**तालिका सङ्ख्या : १२**

**नेपाली मातृभाषी र नेपाली दोस्रो भाषी विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको तुलना**

| भाषिक वर्गीकरण | सङ्ख्या | मध्यमान | समग्र मध्यमान | मानक विचलन | समग्र मानक विचलन | मध्यमानभन्दा माथि | मध्यमानभन्दा तल |
|---|---|---|---|---|---|---|---|
| पहिलो नेपाली मातृभाषी | 36 | 54.50 | 56.75 | 14.11 | 15.77 | 41.66 | 58.33 |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| नेपाली दोस्रो भाषी | 64 | 57.70 | | 16.12 | | 40.72 | 36.50 |

(स्रोत : स्थलगत अध्ययन, २०७२)

तालिका सङ्ख्या12 अनुसार कूल प्रतिनिधि जनसंख्या १०० रहेको र यस अध्ययनमा विद्यार्थीहरूको भाषिक दृष्टिले नेपाली मातृभाषी र नेपाली दोस्रो भाषी क्रमश: 36 र 64 जना विद्यार्थीहरूलाई निबन्ध लेखन क्षमताको तुलना गर्न प्रतिनिधि विद्यार्थीको रूपमा छनोट गरिएको छ । समूहको समग्र मध्यमान 56.75 र समग्र मानक विचलन 15.77 रहेको छ । सामुदायिक विद्यालयका विद्यार्थीहरूको मध्यमान 54.58 छ भने नेपाली बिमातृभाषी विद्यार्थीहरूको मध्यमान 56.75 प्रतिशत रहेको छ । समग्र मध्यमानभन्दा नेपाली मातृभाषी विद्यार्थीहरूको मध्यमान 2.17 प्रतिशतले कम हो । समग्र मध्यमानभन्दा नेपाली विमातृभाषी विद्यार्थीहरूको मध्यमान 0.95 प्रतिशतले तल हो । उक्त तालिकालाई आधार मानी तुलना गर्दा नेपाली मातृभाषी विद्यार्थीहरूको निबन्ध लेखन क्षमता त्यति सन्तोषजनक देखिँदैन भने नेपाली विमातृभाषी विद्यार्थीहरूको निबन्ध लेखन क्षमता सन्तोषजनक देखिन्छ । नेपाली मातृभाषी विद्यार्थीहरूको निबन्ध लेखन क्षमता मध्यमानभन्दा 41.66 ले माथि र मध्यमानभन्दा 58.33 प्रतिशतले तल रहनुले विद्यार्थीहरूको निबन्ध लेखन सन्तोषजनक नरहेको देखिन्छ ।

नेपाली विमातृभाषी विद्यार्थीहरूको निबन्ध लेखन क्षमता मध्यमानभन्दा 36.50 प्रतिशतले तल रहनुले निबन्ध लेखन क्षमता सन्तोषजनक रहेको देखिन्छ । यसरी नेपाली मातृभाषी विद्यार्थीहरूभन्दा नेपाली विमातृभाषी विद्यार्थीहरूको निबन्ध लेखन क्षमता राम्रो देखिन्छ । नेपाली विमातृभाषी विद्यार्थीहरूको निबन्ध लेखन क्षमता त्यति कमजोर नदेखिए तापनि उनीहरू लेखाइ सीपमा सामान्य कमजोर रहेको देखिन्छ । नेपाली विमातृभाषी विद्यार्थीहरूको क्षमता नेपाली मातृभाषी विद्यार्थीहरूको तुलनामा राम्रो रहेको देखिन्छ ।

मानक विचलनलाई आधार मान्दा विचलनको स्थितिलाई हेर्दा नेपाली मातृभाषी विद्यार्थीहरूको समूहतर्फ 14.11 र नेपाली विमातृभाषी विद्यार्थीहरूको समूहतर्फ 16.12 देखिएको छ । दुई समूहको अन्तर 2.01 देखिन्छ । समग्र मानक विचलनभन्दा नेपाली मातृभाषी विद्यार्थीहरूको समूहगत मानक विचलन 1.66 ले कम छ भने समग्र मानक विचलनभन्दा नेपाली विमातृभाषी विद्यार्थीहरूको समूहगत मानक

विचलन भन्दा 0.46 ले कम रहेको देखिन्छ । नेपाली विमातृभाषी विद्यार्थीहरूको तुलनामा नेपाली मातृभाषी विद्यार्थीहरूको विचलन कम रहेको देखिन्छ । यसकारण नेपाली विमातृभाषी विद्यार्थीहरू को निबन्ध लेखन क्षमतामा एकरूपता देखिन्छ ।

## ४.५ लैङ्गिक आधारमा विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको अध्ययन

लैङ्गिक आधारमा विद्यार्थीहरूको अध्ययन भन्नाले छात्र र छात्रा विद्यार्थीहरूको अध्ययन भन्ने बुझिन्छ । यस अध्ययनका लागि छात्र विद्यार्थीहरू ५० जना र छात्रा विद्यार्थीहरू ५० जना गरी १०० जना विद्यार्थीहरू छनौट गरिएको छ । तिनै विद्यार्थीहरूद्वारा लेखिएका निबन्धहरू परीक्षण गरी अङ्कन गर्नुका साथै परीक्षणकै आधारमा निबन्ध लेखन क्षमताको स्थिति निर्धारण गरी प्रस्तुत गरिएको छ :

### ४.५.१ छात्राविद्यार्थीहरूको निबन्ध लेखन क्षमताको अध्ययन

नमुना छनोटमा परेका कक्षा आठमा अध्ययनरत १०० जना विद्यार्थीहरूमध्ये ५० जना छात्रा विद्यार्थीहरू रहेका छन् । उनीहरूको निबन्ध लेखन क्षमताको अध्ययन निम्नानुसार गरिएको छ :

**तालिका सङ्ख्या : १३**

**छात्राविद्यार्थीहरूको निबन्ध लेखन क्षमताको प्रतिशताङ्क स्थिति**

| कुल सङ्ख्या | ०-३५ प्रतिशत | | ३६-४५ प्रतिशत | | ४६-५५ प्रतिशत | | 56-65 प्रतिशत | | 66 प्रतिशत माथि | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| 50 | 6 | 12.00 | 3 | 6.00 | 11 | 22.00 | 10 | 20.00 | 20 | 40.00 |

(स्रोत : स्थलगत अध्ययन, २०७४)

प्रस्तुत तालिका सङ्ख्या १३ अनुसार अनुसन्धानका लागि छनोट गरिएका छात्रा विद्यार्थीहरूको सङ्ख्या ५० रहेको छ । उनीहरूको निबन्ध लेखन क्षमतालाई पाँच श्रेणीमा

विभाजन गरिएको छ । ० देखि ३५ प्रतिशतसम्म निबन्ध लेखन क्षमता भएका विद्यार्थी सङ्ख्या 6 अर्थात् 12.00 प्रतिशत रहेको देखिन्छ । 46देखि ५५ प्रतिशत बीचको अङ्क प्राप्त गर्ने विद्यार्थी सङ्ख्या 11 जना अर्थात् 22.00प्रतिशत रहेको देखिन्छ । 56देखि 65प्रतिशत बीचको अङ्क प्राप्त गर्ने विद्यार्थी सङ्ख्या १० अर्थात् २०.०० प्रतिशत देखिन्छ । ६६ प्रतिशतभन्दा बढी क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या २० अर्थात् 40.00 प्रतिशत रहेको पाइन्छ । अति न्यून अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या पनि २० अर्थात् ४०.00 प्रतिशत रहेको पाइन्छ । यसर्थ छात्रा विद्यार्थीहरूको प्रतिशताङ्कताको आधारमा निबन्ध लेखन क्षमता सन्तोषजनक देखिन्छ ।

### 4.5.2 मध्यमान र मानक विचलनका छात्रा विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको स्थिति

नमुना छनोटमा परेका कक्षा आठमा अध्ययनरत १०० जना विद्यार्थीहरूमध्ये ५० जना छात्रा विद्यार्थीहरू रहेका छन् । उनीहरूको निबन्ध लेखन क्षमताको अध्ययन गर्दा प्राप्त भएको नतिजालाई निम्नानुसार प्रस्तुत गरिएको छ :

**तालिका सङ्ख्या : 14**

**मध्यमान र मानक विचलनका आधारमा छात्रा विद्यार्थीको निबन्ध लेखन क्षमताको प्रतिशताङ्क स्थिति**

| कुल सङ्ख्या | मध्यमान | मानक विचलन | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| 50 | 58.4 | 15.79 | 30 | 60.00 | 20 | 40.00 |

(स्रोत : स्थलगत अध्ययन, २०७४)

तालिका सङ्ख्या14 अनुसार मध्यमान 58.4 देखिन्छ भने मानक विचलन 15.79 देखिन्छ । मध्यमानलाई आधार मानेर मध्यमानभन्दा माथि र मध्यमानभन्दा तल दुई समूह निर्माण गरी हेर्दा कूल छात्रा विद्यार्थी सङ्ख्यामध्ये मध्यमानभन्दा माथि संख्या 30 अर्थात् 60.00 प्रतिशत र मध्यमानभन्दा तलको संख्या 20 अर्थात् 40.00 प्रतिशत क्षमताको मापन गराउन विद्यार्थीहरू सक्षम देखिन्छन् । यसरी मध्यमानलाई आधार मानेर व्याख्या गर्दा मध्यमानभन्दा माथि मध्यमानभन्दा तल्लो स्तरका विद्यार्थीहरूको अन्तर 10अर्थात् 20.00 प्रतिशत रहेको देखिन्छ । मध्यमानभन्दा माथि र तल निबन्ध लेखन क्षमता भएका विद्यार्थीहरूको बीचको अन्तर धेरै देखिए तापनि कक्षा आठमा अध्ययनरत छात्रा विद्यार्थीहरूको निबन्ध लेखन क्षमता राम्रो रहेको देखिन्छ ।

मानक विचलनका माध्यमबाट देखिने औषत भिन्नता हो । प्रस्तुत तालिकामा समग्र मानक विचलन १५.७९ देखिएको छ । मानक विचलन जति बढी विचलित हुन्छ त्यति नै असन्तुलित हुन्छ । मानक विचलन 15.79 देखिनुले कक्षा आठमा अध्ययनरत छात्रा विद्यार्थीहरूको निबन्ध लेखन क्षमतामा एकरूपता नभएको पाइएको छ । मानक विचलनका आधारमा छात्रा विद्यार्थीहरूको स्थिति कमजोर देखिएकाले निदानात्मक शिक्षण गर्नु पर्ने देखिन्छ ।

### ४.५.३ छात्र विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको अध्ययन

नमुना छनोटमा परेका कक्षा आठमा अध्ययनरत १०० जना विद्यार्थीहरूमध्ये ५० जना छात्र विद्यार्थीहरू रहेका छन् । उनीहरूको निबन्ध लेखन क्षमताको अध्ययन निम्नानुसार गरिएको छ :

**तालिका सङ्ख्या : १५**

**छात्रविद्यार्थीहरूको निबन्ध लेखन क्षमताको प्रतिशताङ्क स्थिति**

| कुल सङ्ख्या | ०-३५ प्रतिशत | | ३६-४५ प्रतिशत | | ४६-५५ प्रतिशत | | 56-65 प्रतिशत | | 66 प्रतिशत माथि | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| 50 | 5 | 10.00 | 11 | 22.00 | 8 | 16.00 | 7 | 14.00 | 19 | 38.00 |

(स्रोत : स्थलगत अध्ययन, २०७४)

प्रस्तुत तालिका सङ्ख्या १५ अनुसार छात्र विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको प्रतिशत गणना गर्दा प्रतिनिधि जनसङ्ख्याको रूपमा कूल सङ्ख्या ५० लाई उनीहरूको प्राप्ताङ्क प्रतिशतका आधारमा पाँच श्रेणीमा विभाजन गरिएको छ । ० देखि ३५ प्रतिशतसम्म निबन्ध लेखन क्षमता भएका विद्यार्थी सङ्ख्या 5 अर्थात् 10.00 प्रतिशत रहेको देखिन्छ । 36देखि 45प्रतिशत बीचको अङ्क प्राप्त गर्ने विद्यार्थी सङ्ख्या 11 जना अर्थात् 22.00प्रतिशत रहेको देखिन्छ । 46देखि 55प्रतिशत बीचको अङ्क प्राप्त गर्ने विद्यार्थी सङ्ख्या 8 अर्थात् 16.00 प्रतिशत देखिन्छ । 55 देखि 65 प्रतिशत बीचको अङ्क प्राप्त गर्ने विद्यार्थी सङ्ख्या 7 अर्थात् 14.00 प्रतिशत रहेको छ । 66भन्दा बढी क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या 19 अर्थात् 38.00 प्रतिशत रहेको देखिन्छ । यसर्थ छात्र विद्यार्थीहरूको प्रतिशताङ्कताको आधारमा निबन्ध लेखन क्षमता राम्रो देखिन्छ ।

### 4.5.4 मध्यमान र मानक विचलनका छात्र विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको स्थिति

नमुना छनोटमा परेका कक्षा आठमा अध्ययनरत १०० जना विद्यार्थीहरूमध्ये ५० जना छात्र विद्यार्थीहरू रहेका छन् । उनीहरूको निबन्ध लेखन क्षमताको अध्ययन निम्नानुसार गरिएको छ :

**तालिका सङ्ख्या : 16**

**मध्यमान र मानक विचलनका आधारमा छात्र विद्यार्थीको निबन्ध लेखन क्षमताको प्रतिशताङ्क स्थिति**

| कुल सङ्ख्या | मध्यमान | मानक विचलन | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| 50 | 55.6 | 15.48 | 26 | 52 | 24 | 48 |

(स्रोत : स्थलगत अध्ययन, २०७४)

तालिका सङ्ख्या16 अनुसार मध्यमान 55.6 देखिन्छ भने मानक विचलन 15.48 देखिन्छ । मध्यमानलाई आधार मानेर मध्यमानभन्दा माथि र मध्यमानभन्दा तल दुई समूह निर्माण गरी हेर्दा कूल छात्र विद्यार्थी सङ्ख्यामध्ये मध्यमानभन्दा माथि संख्या 26 अर्थात् 52 प्रतिशत र मध्यमानभन्दा तलको संख्या 24 अर्थात् 48.00 प्रतिशत

क्षमताको मापन गराउन विद्यार्थीहरू सफल भएका देखिन्छन् । यसरी मध्यमानलाई आधार मानेर व्याख्या गर्दा मध्यमानभन्दा माथि मध्यमानभन्दा तल्लो स्तरका विद्यार्थीहरूको अन्तर 2अर्थात् 4.00 प्रतिशत रहेको देखिन्छ । मध्यमानभन्दा माथि र तल निबन्ध लेखन क्षमता भएका विद्यार्थीहरूको बीचको अन्तर धेरै नदेखिएकाले कक्षा आठमा अध्ययनरत छात्र विद्यार्थीहरूको निबन्ध लेखन क्षमता सन्तोषजनक रहेको देखिन्छ ।

मानक विचलनका माध्यमबाट देखिने औषत भिन्नता हो । प्रस्तुत तालिकामा समग्र मानक विचलन 15.48 देखिएको छ । मानक विचलन जति बढी विचलित हुन्छ त्यति नै असन्तुलित हुन्छ । मानक विचलन 15.48 देखिनुले कक्षा आठमा अध्ययनरत छात्र विद्यार्थीहरूको निबन्ध लेखन क्षमतामा एकरूपता नभएको पाइएको छ । मानक विचलनका आधारमा छात्र विद्यार्थीहरूको स्थिति कमजोर देखिएकाले निदानात्मक शिक्षण गरी विद्यार्थीहरूको अवस्था सुधार गर्नु पर्ने देखिन्छ ।

**४.५.५लैङ्गिक आधारमा विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको तुलना**

समग्र विद्यार्थीहरूको अध्ययन गर्दा भाषिक पृष्ठभूमिका आधारमा नेपाली मातृभाषी र नेपाली दोस्रो भाषी बीच निबन्ध लेखन क्षमताको तुलनात्मक स्थितिलाई निम्नानुसार देखाउन सकिन्छ :

**तालिका सङ्ख्या : १७**

**छात्र र छात्राविद्यार्थीहरूको निबन्ध लेखन क्षमताको तुलना**

| भाषिक वर्गीकरण | सङ्ख्या | मध्यमान | समग्र मध्यमान | मानक विचलन | समग्र मानक विचलन | मध्यमानभन्दा माथि | मध्यमानभन्दा तल |
|---|---|---|---|---|---|---|---|
| छात्रा | 50 | 58.60 | 56.75 | 15.79 | 15.77 | 60.00 | 40.00 |
| छात्र | 50 | 55.60 | | 15.48 | | 52.00 | 48.00 |

(स्रोत : स्थलगत अध्ययन, २०७२)

तालिका सङ्ख्या17 अनुसार कूल प्रतिनिधि जनसंख्या १०० रहेको र यस अध्ययनमा विद्यार्थीहरूको लैङ्गिक दृष्टिले छात्र र छात्रा50-50 जना विद्यार्थीहरूलाई निबन्ध लेखन क्षमताको तुलना गर्न प्रतिनिधि विद्यार्थीको रूपमा छनोट गरिएको छ । समूहको समग्र मध्यमान 56.75 र समग्र मानक विचलन 15.77 रहेको छ । छात्राविद्यार्थीहरूको मध्यमान 58.60प्रतिशत छ भने छात्र विद्यार्थीहरूको मध्यमान

55.60 प्रतिशत रहेको छ । समग्र मध्यमानभन्दा छात्रा विद्यार्थीहरूको मध्यमान 1.75 प्रतिशतले बढी छ । समग्र मध्यमानभन्दा छात्र विद्यार्थीहरूको मध्यमान 1.15 प्रतिशतले तल हो । उक्त तालिकालाई आधार मानी तुलना गर्दा छात्रा विद्यार्थीहरूको निबन्ध लेखन क्षमतासन्तोषजनक देखिन्छ भने छात्र विद्यार्थीहरूको निबन्ध लेखन क्षमता त्यति सन्तोषजनक देखिँदैन । छात्रा विद्यार्थीहरूको निबन्ध लेखन क्षमता मध्यमानभन्दा 60.00प्रतिशत माथि र मध्यमानभन्दा 40.00 प्रतिशतले तल रहनुले विद्यार्थीहरूको निबन्ध लेखन राम्रो रहेको देखिन्छ ।

छात्र विद्यार्थीहरूको निबन्ध लेखन क्षमता मध्यमानभन्दा 52.00 प्रतिशतले माथि र मध्यमानभन्दा 48.00 प्रतिशतले तल रहनुले उनीहरूको निबन्ध लेखन क्षमता त्यति सन्तोषजनक रहेको देखिँदैन भनेछात्रा विद्यार्थीहरू क्षमता छात्र विद्यार्थीहरूको तुलनामा राम्रो देखिन्छ ।

मानक विचलनलाई आधार मान्दा समूहगत रूपमा मानक विचलनको स्थिति हेर्दा छात्रा समूहतर्फ 15.79 र छात्रा समूहतर्फ 15.48प्रतिशत देखिएको छ । यसको अन्तर 0.31प्रतिशत रहेको देखिन्छ । समग्र मानक विचलनभन्दा छात्रा विद्यार्थीहरूको समूहगत मानक विचलन 0.02 ले बढी छ भने समग्र मानक विचलनभन्दा छात्र विद्यार्थीहरूको समूहगत मानक विचलन भन्दा 0.29 ले कमी रहेको छ । छात्र विद्यार्थीहरूको तुलनामा छात्रा विद्यार्थीहरूको विचलन कमी रहेको देखिन्छ । यसकारण छात्रा विद्यार्थीहरूको निबन्ध लेखन क्षमतामा एकरूपता देखिन्छ ।

## अध्याय पाँच

# सारांश, निष्कर्ष र उपयोगिता

### ५.१ सारांश

कुनै पनि विषयमा केन्द्रित भएर स्वतन्त्र लेखन ढङ्गले गद्यात्मक शैलीमा लेखिने अभिव्यक्ति नै निबन्ध हो । यसलाई आत्मपरक वा वस्तुपरक दुई तरिकाले लेख्न सकिन्छ । विद्यार्थीहरूलाई भाषिक व्यवहारमा समक्षम बनाउन तथा भाषाका चारै सीपको विकास गराउन निबन्ध लेखन र निबन्ध शिक्षणमा विशेष ध्यान दिनु पर्छ ।

नेपाली विषयका पाठ्यपुस्तकमा समेत सिर्जनात्मक अभ्यासअन्तर्गत निबन्ध लेखनलाई प्रेरित गरेको पाइन्छ । यसरी निबन्ध लेखनसम्बन्धी अध्ययन, अध्यापनलाई विशेष महत्वका साथ हेरिएका कारण विद्यार्थीहरूमा नेपाली मानक लेखन तथा स्तरीय लेखन क्षमता बढाउँदै लैजान सहज र सरस वातावरण निर्माण भएको छ । अन्य शैक्षणिक कार्यकलापका अतिरिक्त लेखनकलामा विद्यार्थीहरूलाई दक्ष बनाउन, सिर्जनात्मक क्षमताको विकास गराउन र निबन्ध लेखन तथा शिक्षणको ठूलो भूमिका रहेको देखिन्छ । त्यस्तै निबन्ध लेखन प्रक्रियाले लेखन क्षमताको विकास गर्दै लैजान सकारात्मक भूमिका निर्वाह गर्ने हुँदा निम्न माध्यमिक तहमा पाठ्यक्रममा निबन्ध विधा शिक्षणका साथै लेखन शिक्षण जस्ता पक्षमा विशेष महत्व दिँदै समावेश गरेको पाइन्छ ।

'कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमता' शीर्षकका लागि क्षेत्रीय सामग्री सङ्कलन विधिअन्तर्गत नवलपरासी जिल्लाको प्रतापपुर गाउँपालिकाभित्रका पाँच ओटा विद्यालयहरूलाई प्रतिनिधि नमुनाका रूपमा लिइएको छ । छनोटमा परेका प्रत्येक विद्यालयबाट १० जना छात्र र १० जना छात्रा गरी २०/२० जना विद्यार्थीहरू गरी जम्मा १०० जना छनोट गरी निबन्ध लेख्न लगाइएको छ । परिशिष्टमा उल्लिखित निबन्धहरूबाट कुनै एक शीर्षकमा निबन्ध लेख्न प्रेरित गर्दै उत्तर पुस्तिका सङ्कलन गरी उत्तरपुस्तिका परीक्षण गर्दा उत्तरकुञ्जिबाट प्राप्त प्रस्तुत अध्ययनको विश्लेषण गर्दा समग्र विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको अध्ययन गरी क्रमशः विद्यालयको प्रकृतिका आधारमा, भाषिक पृष्ठभूमिका आधारमा र लैङ्गिकताका आधारमा निबन्ध लेखन क्षमताको व्याख्या र विश्लेषण गरिएको छ । विश्लेषण गर्दा न्यूतनम्, न्यून, मध्यम, उच्च, उच्चतम गरी पाँच श्रेणी

निर्धारण गरी तालिकीकरण गरिएको छ । यस अध्ययनका क्रममा सामुदायिक विद्यालयका विद्यार्थीहरूको निबन्ध लेखन क्षमता र संस्थागत विद्यालयका विद्यार्थीहरूको निबन्ध लेखन क्षमता लगभग उस्तै छ ।

भाषिक पृष्ठभूमिका आधारमा हेर्दा नेपाली विमातृभाषी विद्यार्थीहरको निबन्ध लेखन क्षमता राम्रो देखिन्छ । यसै गरी लैङ्गिक आधारमा हेर्दा छात्रा विद्यार्थीहरूको तुलनामा छात्र विद्यार्थीहरूको निबन्ध लेखन क्षमता कमजोर देखिन्छ । समग्रमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरू नेपाली मातृभाषी र नेपाली विमातृभाषी विद्यार्थीहरूको विषयवस्तु संयोजन, गठन, आदि, मध्य र अन्त्यको सङ्गठनात्मक ढाँचा, निबन्धको केन्द्रीय पक्ष भएकाले यसतर्फ विद्यार्थीहरू कम सचेत भएको कुरा यस अध्ययनबाट प्रष्ट हुन्छ ।

## ५.२ निष्कर्ष

वर्तमान निम्न माध्यमिक विद्यालय तहको पाठ्यक्रमले कक्षा आठको नेपाली विषयको भाषिक सीपसँग सम्बन्धित सुनाइ, बोलाइ, पढाइ र लेखाइ सम्बन्धी विभिन्न विशिष्ट उद्देश्यहरू निर्धारण गरेको छ । पाठ्यक्रमले तोकेका भाषिक सीपसँग सम्बन्धित उद्देश्य प्राप्तिका लागि कक्षा आठको नेपाली पाठ्यपुस्तकमा विभिन्न विधा र क्षेत्रहरू समावेश गरिएको छ । प्रस्तुत 'कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको अध्ययन' शीर्षकको अध्ययन नवलपरासी जिल्लाको प्रतापपुर गाउँपालिकामा कक्षा आठमा अध्ययनरत विद्यार्थीहरू मध्येबाट जम्मा १०० जना विद्यार्थीहरूलाई छनोट गरी तिनीहरूलाई निबन्ध लेखन क्षमता अध्ययन गर्नु रहेको छ । यस अध्ययनको उद्देश्य सामुदायिक तथा संस्थागत विद्यालयमा कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको अध्ययन गर्नु रहेको छ । जसमा विद्यालयको प्रकृति, भाषिक पृष्ठभूमि र लैङ्गिकताका आधारमा निबन्ध लेखन क्षमताको वास्तविक अवस्थाको निर्क्योल गर्नु रहेको छ । प्रस्तुत उद्देश्य प्राप्तिका लागि नवलपरासी जिल्लाको प्रतापपुर गाउँपालिकाका तीन सामुदायिक र दुई संस्थागत विद्यालयका १०० जना विद्यार्थीहरू छनोटमा परेका छन् । उक्त उद्देश्यमा रहेर प्राप्त निष्कर्षलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

(क) अध्ययन क्षेत्र नवलपरासी जिल्लाको प्रतापपुर गाउँपालिकाका विद्यार्थीहरूको निबन्ध लेखन क्षमता मध्यम रहेको देखिन्छ । मानक विचलन बढी रहेको हुँदा निबन्ध लेखन क्षमतामा एकरूपता देखिँदैन ।

(ख) अध्ययन क्षेत्रका सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको निबन्ध लेखन क्षमता सन्तोषजनक रहेको देखिन्छ ।

(ग) अध्ययन क्षेत्रका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूमध्ये नेपाली मातृभाषी विद्यार्थीहरूको निबन्ध लेखन क्षमता सन्तोषजनक देखिन्छ भने नेपाली विमातृभाषी विद्यार्थीहरूको निबन्ध लेखन क्षमता राम्रो देखिन्छ ।

(घ) लैङ्गिकताका आधारमा अध्ययन क्षेत्रका विद्यार्थीहरूमा छात्रा विद्यार्थीहरूको निबन्ध लेखन क्षमता राम्रो देखिन्छ भने छात्रा विद्यार्थीहरूको तुलनामा छात्र विद्यार्थीहरूको निबन्ध लेखन क्षमता ठिकै रहेको देखिन्छ ।

(ङ) मानक विचलन बढी देखिनुले कक्षा आठमा अध्ययनरत नेपाली मातृभाषी विद्यार्थीहरूको निबन्ध लेखन क्षमतामा एकरूपता नभएको पाइएको छ त्यसैले निदानात्मक शिक्षण गरी विद्यार्थीको अवस्थालाई सुधार गर्नु पर्ने देखिन्छ ।

(च) नेपाली विमातृभाषी विद्यार्थीहरूको निबन्ध लेखन क्षमता त्यति कमजोर नदेखिए तापनि उनीहरूको लेखाइ सामान्य कमजोर देखिन्छ । उनीहरूको निबन्ध लेखन क्षमता नपाली मातृभाषी विद्यार्थीहरूको भन्दा केही राम्रो रहेको देखिन्छ ।

## ५.३ उपयोगिता

'कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको अध्ययन' शीर्षकमा गरिएको शोध अध्ययन र विश्लेषणबाट प्राप्त निष्कर्षका आधारमा निम्नलिखित ठाउँमा उपयोग हुने देखिन्छ :

### ५.३.१ नीति निर्माणको तहमा

(क) प्रस्तुत अध्ययनले निम्न माध्यमिक विद्यालय तहको नेपाली भाषा पाठ्यक्रममा समावेश गरिने निबन्ध विधाको शिक्षण प्रक्रिया तथा सिकाइ उपलब्धिका आधारमा निबन्ध विधाको शिक्षण गर्न मार्गनिर्देशन गर्दछ ।

(ख) भाषा पाठ्यपुस्तक निर्माणकर्ता तथा सम्बन्धित निकायलाई भाषिक सीप विकासका लागि पाठ्यपुस्तकमा समावेश गरिने पाठ्यवस्तुहरूका साथै अन्य

क्षेत्रहरू (क्षेत्रीयता, भाषिक पृष्ठभूमि, लिङ्ग, उमेर) को ख्याल गर्नु पर्दछ भन्ने बोध गराउने छ ।

(ग) भाषा पाठ्यक्रममा समावेश गरिने चारै सीप (सुनाइ, बोलाइ, पढाइ र लेखाइ) को उद्देश्य पूरा हुनेगरी विधागत छनौट तथा क्षेत्र निर्धारण गर्न सहयोग गर्नेछ ।

(घ) भविष्यमा यस सम्बन्धी हुने अनुसन्धानका लागि उद्देश्य र विधि छनौट गर्न तथ्याङ्क सङ्कलन गर्ने तरिका र पूर्वकार्यको समीक्षा गर्न सहयोग पुग्ने छ ।

### ५.३.२ प्रयोगगत तहमा

(क) प्रस्तुत अध्ययनले निम्न माध्यमिक तहमा निबन्ध शिक्षणको आवश्यकता र महत्वका बारेमास्पष्ट पारेको छ ।

(ख) प्रस्तुत अध्ययनले विद्यार्थीहरूको लेखाइ क्षमताको मूल्याङ्कन गरी आवश्यक पृष्ठपोषण दिन सहयोग गर्नेछ ।

(ग) यस अध्ययनले भाषा विषय अध्यापन गराउने र अध्ययन गर्ने व्यक्ति वा संस्थाले भाषा शिक्षण गर्दा र भाषाको प्रयोग गर्दा अपनाउनु पर्ने भाषिक सचेतनाको बारेमा प्रष्ट पारेको छ ।

(ङ) यस अध्ययनले भाषा शिक्षण विधिमा अनुसन्धान गर्ने आधार बन्ने छ ।

## ५.४ सुझाउ

'कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको अध्ययन' शीर्षकको यस शोधबाट प्राप्त निष्कर्षका आधारमा सुझाउहरू दिन सकिन्छ :

(क) कुनै विषयमा विद्यार्थीहरूलाई बुँदा टिपोट गर्न लगाई आदि, मध्य र अन्त्यको निबन्धनात्मक ढाँचामा लेख्न प्रेरित गराउँदै अभ्यास गराउनु पर्छ ।

(ख) निबन्ध लेखन क्षमता लेखाइ सीप विकासका लागि महत्त्वपूर्ण कार्यकलाप भएको हुँदा कक्षा शिक्षणमा निबन्ध लेखन सम्बन्धी क्रियाकलापहरूलाई अझ बढी प्राथमिकता दिइनु पर्दछ ।

(ग) आधिकारिक नेपाली पाठ्यपुस्तक बाहेक विभिन्न निबन्धहरू कक्षाको स्तर अनुकूल समावेश गरी आधिकारिक रूपमा छुट्टै पुस्तकको संयोजन पाठ्यक्रम विकास केन्द्रद्वारा नै गरिनु पर्दछ ।

(घ) निबन्ध लेखन कला विकासका लागि कम्तिमा हप्ताको एउटा विषय शीर्षकमा विद्यार्थीहरूलाई निबन्ध लेख्न लगाई शिक्षकले विद्यार्थीहरूमा निबन्ध लेखनप्रति रुचि जगाउनु पर्दछ ।

(ङ) विद्यार्थीहरूलाई ऐतिहासिक, पुरातात्विक, पर्यटकीय स्थलहरूमा शैक्षिक भ्रमण गराई सोही ठाउँका बारेमा निबन्धात्मक रचना लेख्न लगाई लेखन कलालाई विकसित गरिनु पर्दछ ।

(च) भाषा पाठ्यपुस्तकमा निबन्ध विधा भन्दा निबन्ध लेखन विधालाई बढी जोड दिँदै विद्यार्थीहरूलाई बुँदागत आधारमा अभिप्रेरित गराइ उनीहरूमा बुँदाहरू संयोजन गर्ने इच्छा जगाइ निबन्ध लेखन सीप सुदृढ बनाउँदै लैजानु पर्दछ ।

## ५.५ भावी अनुसन्धानका लागि सम्भावित शीर्षकहरू

अध्येताले प्रस्तुत अध्ययनको सन्दर्भमा रहेर निम्नलिखित शीर्षकमा भावी अनुसन्धानहरू हुन सक्छन् :

(क) कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको कथा लेखन क्षमताको अध्ययन ।

(ख) लेखाइ सीप विकासको सन्दर्भमा निबन्ध शिक्षणको प्रभावकारिताको अध्ययन ।

(ग) कक्षा पाँच पूरा गरेका विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको अध्ययन ।

(घ) आधारभूत तह उत्तीर्ण गरेका विद्यार्थीहरूको प्रबन्ध लेखन क्षमताको अध्ययन ।

# सन्दर्भग्रन्थसूची

अधिकारी, हेमाङ्गराज (२०६३), *नेपाली भाषा शिक्षण* (सातौँ संस्क.), काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

अधिकारी, हेमाङ्गराज (२०६८), *नेपाली भाषा शिक्षण* (नवौँ संस्क.), काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

अधिकारी, हेमाङ्गराज र केदारप्रसाद शर्मा (२०६१), *प्रारम्भिक नेपाली शिक्षण* चौ.संस्क., काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

आचार्य, शारदा (२०६९), 'कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको अध्ययन', स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, चितवन : सप्तगण्डकी बहुमुखी क्याम्पस ।

गिरी, ढकाल (२०६७), 'बाजुरा जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको अध्ययन', स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

ढकाल, शान्तिप्रसाद र तीर्थराज खतिवडा (२०६९), *नेपाली भाषा र साहित्य शिक्षण,* काठमाडौँ : शुभकामना प्रकाशन ।

ढुङ्गेल, भोजराज र दुर्गाप्रसाद दाहाल (२०५७) *परिचयात्मक नेपाली भाषा शिक्षण,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

पोखरेल, ऋषि (२०६९), 'पाल्पा जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको अध्ययन', स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

पौडेल, सरस्वती (२०७१). 'कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको अध्ययन', स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, चितवन : सप्तगण्डकी बहुमुखी क्याम्पस ।

भट्टराई, रामप्रसाद (२०६८), *भाषिक अनुसन्धान विधि, परिचय र प्रयोग,* काठमाडौं : शुभकामना प्रकाशन ।

भण्डारी, पारसमणि र अन्य (२०६७). *नेपाली गद्य र नाटक* (तृतीय संस्क.), काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

भण्डारी, मित्रलाल (२०६९). 'कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको अध्ययन', स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

भण्डारी, रामप्रसाद (२०६८). *भाषिक अनुसन्धान विधि : परिचय र प्रयोग,* काठमाडौं : शुभकामना प्रकाशन ।

लामिछाने, भविकला (२०७४). 'कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको अध्ययन', स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, चितवन : सप्तगण्डकी बहुमुखी क्याम्पस ।

लामिछान], यादवप्रकाश (२०६०), *नेपाली भाषा शिक्षण परिचय* (चौथो संस्क.), काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, केदारप्रसाद र माधवप्रसाद पौडेल (२०६७). *नेपाली भाषा र साहित्य शिक्षण,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, गोपीकृष्ण (२०६९), *नेपाली निबन्ध परिचय,* काठमाडौं : रत्न पुस्तक भण्डार ।

शर्मा, मोहनराज (२०६०), *शब्द रचना र वर्ण विन्यास, वाक्य तत्व, अभिव्यक्ति र साहित्य,* ललितपुर : नवीन प्रकाशन ।

सुवेदी, राजेन्द्र (२०६३), *स्नातकोत्तर निबन्ध* (तेस्रो संस्क.), काठमाडौं : पाठ्य सामग्री पसल ।

## परिशिष्ट -१

## निबन्ध लेखनमा उपयोग गरिएको शीर्षकहरू

(क) अनुशासन

(ख) मेरो जीवनको लक्ष्य

(ग) मेरो देश

## परिशिष्ट - २

## निबन्ध लेखन परीक्षणको आधारहरू

| क्र.स | आधारहरू | पूर्णाङ्क | उत्तीर्णाङ्क |
|---|---|---|---|
| १. | विषयवस्तुको ज्ञान | ३० | ४० |
| २. | विवेचनात्मक प्रस्तुति | ३० | |
| ३. | शैली मौलिकता | २० | |
| ४. | भाषिक शुद्धता | २० | |
| जम्मा | | १०० | |

परिशिष्ट -३

## नमुना विद्यालय तथा विद्यार्थीहरूको नामवली (सामुदायिक विद्यालयतर्फ)

क) श्री आदर्श माध्यमिक विद्यालय, सेमरी

| क.स | छात्राको नाम थर | क.स | छात्रको नाम थर |
|---|---|---|---|
| 1. | आरती कुमारी | १. | शेरबहादुर चौधरी |
| 2. | अस्मिता चौधरी | २. | मोहम्मद अली अन्सारी |
| 3. | कश्मिरा चौधरी | ३. | राजकुमार कमकर |
| 4. | सरस्वती विन | ४. | निमानन्द हरिजन |
| 5. | कविता चौधरी | ५. | दिनानाथ विन |
| 6. | ईशा चौधरी | ६. | विष्णु यादव |
| 7. | हेवन्ती चौधरी | ७. | सुरज काफ्ले |
| 8. | नेहा चौधरी | ८. | फूल लक्षण बानिया |
| 9. | उषा चौधरी | ९. | अभिषेक चौधरी |
| 10. | पूजा बि.क. | १०. | रिन्की यादव |

ख) श्री त्रिभुवन माध्यमिक विद्यालय, बेलाटारी

| क.स | छात्राको नाम थर | क.स | छात्रको नाम थर |
|---|---|---|---|
| 1. | मैया कुमारी | १. | राहुल साहु |
| 2. | मनिसा हरिजन | २. | निराजन केवट |
| 3. | प्रिया बानिया | ३. | टोकराज चमार |
| 4. | जनजिता गुप्ता | ४. | जितेस राजभर |
| 5. | सन्जना चौधरी | ५. | अमन केवट |
| 6. | प्रमिला चौधरी | ६. | सुन्दन चौधरी |
| 7. | आशा हरिजन | ७. | अरिविन्द हरिजन |
| 8. | सविना चौधरी | ८. | विशाल राजभर |
| 9. | प्रविना चौधरी | ९. | शिवम् चौधरी |
| 10. | मनिका चौधरी | १०. | अजित हरिजन |

ग) श्री बाल्मिकी माध्यमिक विद्यालय, पुनर्बास

| क.स | छात्राको नाम थर | क.स | छात्रको नाम थर |
|---|---|---|---|
| 1. | मनिषा भट्टराई | १. | राहुल राई |
| 2. | सीता सुनार | २. | दिपेश बि.क. |
| 3. | सुस्मिता थारु | ३. | शिशिर पाठक |
| 4. | रोजी राना | ४. | विशाल बि.क. |
| 5. | बबिता केवट | ५. | अन्जन मगर |
| 6. | लक्ष्मी कोइरी | ६. | निशान्त शर्मा |
| 7. | ममता धरिकार | ७. | अनुपम थापा |
| 8. | मन्जु क्षेत्री | ८. | अस्मित मगर |

| | | | |
|---|---|---|---|
| 9. | माया ठकुरी | ९. | रिङ्की क्षत्री |
| 10. | अस्मिता बस्याल | १०. | सृजन न्यौपाने |

**सस्थागत विद्यालयतर्फ**

**क) लिटिल बुद्ध इङ्गलिस स्कुल, गोपीगञ्ज**

| क.स | छात्राको नाम थर | क.स | छात्रको नाम थर |
|---|---|---|---|
| 1. | शिक्षा अधिकारी | १. | रन्जित कोइरी |
| 2. | संजिता श्रेष्ठ | २. | सन्दीप चापागाईँ |
| 3. | जिया गुरुङ | ३. | निशान्त शर्मा |
| 4. | समृद्धि ज्ञवाली | ४. | राज सिंह |
| 5. | रनिता यादव | ५. | गोपाल गुप्ता |
| 6. | रेनु चौधरी | ६. | विशाल यादव |
| 7. | जस्मिन गुरुङ | ७. | जीवन श्रेष्ठ |
| 8. | सुमिना ठकुरी | ८. | समीप तिमिल्सिना |
| 9. | श्रेया यादव | ९. | रविन चौधरी |
| 10. | कविता हजाम | १०. | सनिस महतो |

**ख) आदर्श इङ्गलिस बोर्डिङ स्कुल, सेमरी**

| क.स | छात्राको नाम थर | क.स | छात्रको नाम थर |
|---|---|---|---|
| 1. | रविना सिंह | १. | अवधेश जयसवाल |
| 2. | नेहा यादव | २. | राजेन्द्र शर्मा |
| 3. | अनिता साहनी | ३. | अनिकेत यादव |
| 4. | राधिका तिवारी | ४. | रोशन ठाकुर |
| 5. | सिर्जना मल्ल | ५. | सर्वेन्द्र मल्ल |
| 6. | अनुस्का यादव | ६. | शिव चौधरी |
| 7. | सरिता काफ्ले | ७. | प्रविण नेपाली |
| 8. | नारायणी चौधरी | ८. | भानु चौधरी |
| 9. | रन्जु यादव | ९. | राजन यादव |
| 10. | मनिषा यादव | १०. | नरेन्द्र शर्मा |

# वैयक्तिक विवरण

| | |
|---|---|
| नाम | : शारदा पोखेल |
| जन्ममिति | : २०४३/०६/२१ |
| लिङ्ग | : महिला |
| पिता | : ज्ञानिश्वर पोखेल |
| माता | : गोमा पोखेल |
| स्थायी ठेगाना | : प्रतापपुर गाउँपालिका, वडा नं. २, नवलपरासी |
| राष्ट्रियता | : नेपाली |
| भाषिक ज्ञान | : नेपाली, अङ्ग्रेजी |
| पेशा | : शिक्षण |
| सम्पर्क नं. | : ९८६७०१९८९२ |

**शैक्षिक योग्यता**

| | |
|---|---|
| १. स्नातकोत्तर तह (एम.एड्.) | : सप्तगण्डकी क्याम्पस, भरतपुर, चितवन । |
| २.स्नातक तह | : बुटवल बहुमुखी क्याम्पस, बुटवल । |
| ३. प्रविणता प्रमाणपत्र तह | : अक्सफोर्ड उच्च मा.वि., बुटवल । |
| ४. प्रवेशिका (एस.एल.सी.) | : वाल्मीकि उमावि, पुनर्बास, नवलपरासी । |